# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ९९ | काठमाडौं | बिहीबार, १५ साउन २०८२ | Prabhab National Daily | Thursday, 31 July 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


नागरिक उन्मुक्तिमा लफडा

## रञ्जिताको अध्यक्ष पदसँगै खोसियो साधारण सदस्यता

कार्यवाहक अध्यक्ष बनाउन हाम्रो विधानले कहीँ कतैबाट मिल्दैन तर अध्यक्षले कार्यवाहक अध्यक्ष बनाउनुभयो । विधानविपरीतको काम गरेपछि उहाँमाथि हामीले 'एक्सन' लियौं ।

**ठाकुरसिंह थारू**
महासचिव, नाउपा

मलाई केन्द्रीय अध्यक्षबाट हटाउने ? यो आफैंमा हास्यास्पद कुरा हो ।

**रञ्जिता श्रेष्ठ चौधरी**
नाउपा अध्यक्षबाट पदमुक्त



**जेबी योञ्जन**

**काठमाडौं–** पारिवारिकसँगै पार्टीमा निम्तिएको कलहबीच रञ्जिता श्रेष्ठ चौधरी नागरिक उन्मुक्ति पार्टी (नाउपा)को अध्यक्षबाट बर्खास्त भएकी छन् । उनको साधारण सदस्यतासमेत खोसिएको छ । उनी १९ पुस २०७८ मा अध्यक्ष बनेर नाउपा दर्ता गरेकी थिइन् ।

साढे तीन वर्षपछि भने उनलाई श्रीमान् रेशमलाल चौधरी पक्षीय नाउपाको राष्ट्रिय भेलाले बुधबार बर्खास्त गर्‍यो । रञ्जिता पछिल्लो समय विवादैविवादमा मुछिएकी छन् । तर, अध्यक्षबाट बर्खास्तीमा पर्नुको कारण भने कार्यवाहक अध्यक्ष तोकिनु हो ।

स्वास्थ्यको समस्या देखाउँदै उनले आफूनिकट वरिष्ठ नेता शिव बाँस्तोलालाई सोमबार कार्यवाहक अध्यक्षको जिम्मेवारी तोकेकी थिइन् । रञ्जिताको यो कदमलाई रेशमपक्षले विधानविपरीत भन्यो । रेशमका अनुसार कार्यवाहक तोक्ने रञ्जिताको कदमले आफू र पार्टी सदस्यहरूको चित्त अत्यन्तै दुख्यो । त्यही भएर रञ्जिताविरुद्ध पार्टीले गम्भीर कदम चाल्न सक्ने बताउँथे ।

क्रमशः पृष्ठ २ मा

### अबको अध्यक्ष को ?

रञ्जिता श्रेष्ठको बर्खास्तीपछि नाउपा अध्यक्षमा तीन जना नेताको नाम चर्चामा छ- रामलाल डगौरा, लालवीर चौधरी र गंगा चौधरी । टीकापुरका मेयरसमेत रहेका रामलाल पार्टीको निर्वाचन आयोग एवं अनुशासन आयोगका अध्यक्ष छन् । उनकै अध्यक्षतामा पार्टीको राष्ट्रिय भेला बसेको हो । रेशमलाल चौधरीका बुबा लालवीर र गंगा प्रतिनिधिसभा सदस्य हुन् ।

यसअघि महाधिवेशनबाट रेशम अध्यक्ष हुँदा गंगा महासचिव निर्वाचित भएका थिए । उनी पनि यसपटक अध्यक्षको दाबेदार देखिएका छन् । आज भने यिनै तीन नेता रामलाल, लालवीर र गंगामध्ये एक जनालाई अध्यक्ष छनोट गर्ने स्रोतको दाबी छ ।

क्रमशः पृष्ठ २ मा

## लिङ्देनका स्वकीयबाटै कुटपिट !

- पार्टी कार्यालय नजिकै अध्यक्ष राजेन्द्र लिङ्देनका स्वकीय सचिव छत्र खडायत कुटपिटमा उत्रिए
- नेता गैरेमाथि हेलमेट प्रहार


छत्र खडायत


राजु गैरे

**काठमाडौं (प्रस)–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मा शक्ति संघर्ष चलिरहेको बेला कुटपिटको घटना भएको छ । अध्यक्ष राजेन्द्र लिङ्देनका स्वकीय सचिव छत्र खडायत नै कुटपिटमा उत्रिएका हुन् ।

उनले बुधबार साँझ पार्टी केन्द्रीय कार्यालय धुम्बाराही नजिकको छाप्रो रेस्टुरेण्टमा चिया खाइरहेका पार्टीकै युवा नेता राजु गैरेलाई मोटरसाइकलको हेलमेटले कुटपिट गरेको सिसिटिभी फुटेजमा देखिएको छ । गैरेले प्रभावलाई बताएअनुसार 'अध्यक्ष (राजेन्द्र)सँग निहुँ खोज्ने ? अध्यक्षले कुट भन्नुभएको छ, तँलाई म मार्दिन्छु'

क्रमशः पृष्ठ २ मा

# रसुवाको भोटेकोशीमा फेरि बाढी, आठ स्थानमा कटान

- बाढीका कारण रसुवाको मेदामुदुङ, कुलुङ, लिङलिङ, तातोपानी, टिमुरे, घट्टेखोला, भन्सार यार्ड प्रवेशद्वार र नेपाली सेनाको चेकपोस्ट नजिक गरी आठ स्थानमा करिब ५४० मिटर क्षति पुगी पूर्ण अवरूद्ध
- गोसाइकुण्ड-तातोपानीस्थित रसुवागढी जलविद्युत् आयोजनाको पुल र कालिका गाउँपालिका-१ तथा उत्तरगया गाउँपालिका-१ जोड्ने त्रिशूली नदीको पक्की पुल दुवैको सुरक्षा पर्खाल (ग्याबिन वाल) बगाउँदा ती संरचना उच्च जोखिममा
- नुवाकोटको पैरेबैंसी, वेत्रावती, त्रिशूली, देवीघाटलगायत स्थानमा कटान

**प्रभाव संवाददाता**


बुधबार रातिको वर्षाका कारण अवरुद्ध रसुवागढीतर्फ जाने सडक । *तस्बिरः रासस*

**काठमाडौं–** असार २४ गते भीषण बाढीले क्षति पुर्‍याएको रसुवाको ल्हेन्दे खोला (नेपालतर्फ भोटेकोशी)मा बुधबार बिहान पनि बाढी आएको छ । बिहान २ बजे आएको बाढीका कारण टिमुरेस्थित भन्सार यार्डमा रहेको धर्मकाटा बगाएको जिल्ला प्रशासन कार्यालय रसुवाले जानकारी दिएको छ ।

रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीका अनुसार बाढीले रसुवागढी-स्याफ्रुबेंसी सडक पुनः पूर्णरूपमा अवरुद्ध बनाएको छ । बाढीले आठ स्थानमा सडक कटान गरेकोले तत्काल सडक खुलाउनसमेत अप्ठेरो हुने अधिकारीले बताए ।

'बाढीका कारण मेदामुदुङ, कुलुङ, लिङलिङ, तातोपानी, टिमुरे, घट्टेखोला, भन्सार यार्ड प्रवेशद्वार र नेपाली सेनाको चेकपोस्ट नजिक गरी आठ स्थानमा करिब ५४० मिटर क्षति पुगी पूर्णअवरुद्ध भएको छ,' अधिकारीले प्रभावसँग भने, 'टिमुरेस्थित भन्सार यार्डमा थप कटान गरेको र यार्डको दक्षिणतर्फ रहेको सानो घर र सँगै रहेको धर्मकाँटासमेत बगाएको छ ।'

यसैगरी बाढीले दुईवटा फोर्ड पिकअपसमेत बगाएको छ । बाढीका कारण सडकमार्ग अवरुद्ध भएको छ । 'राति करिब दुई-अढाइ बजेतिर ठूलो पानी परेको थियो, यताभन्दा पनि चीनतर्फ परेको पानीले गर्दा यता असर गरेको हो । हाम्रोतिर भने बाटो चार-पाँच ठाउँमा बगाएर समस्या भएको छ । तल नदीले बगाएको छ भने माथि पहरो छ, त्यसैले तुरुन्तै खुलाउन गाह्रो छ,' सहायक प्रजिअ अधिकारीले भने ।

बाढीका कारण रसुवागढी जलविद्युत् आयोजना क्षेत्र, त्रिशूली थ्री ए र थ्री बी जलविद्युत् आयोजना हब स्टेसनसमेत पुनः प्रभावित भएका छन् ।

क्रमशः पृष्ठ २ मा

### देशैभरि सरदरभन्दा कम वर्षा

**काठमाडौं (प्रस)–** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुनको ६० दिनको अवस्था सार्वजनिक गर्दै देशभर नै सरदरभन्दा कम वर्षा भएको जानकारी गराएको छ । गत जेठ १५ गते (मे २८)मा नेपाल भित्रिएको मनसुनको बुधबारसम्मको अवस्था प्रतिवेदन सार्वजनिक गर्दै प्राधिकरणले वर्षा कम हुँदा तराई झनै प्रभावित भएको जनाएको हो ।

जेठ १५ मा भित्रिएको मनसुन देशभर फैलिन करिब तीन साता लागेको थियो । त्यसपछि सक्रिय रहेको मनसुन नेपालभर फैलिएलगत्तै केही समय निष्क्रिय रहयो । असारको दोस्रो साता केही सक्रिय रहे पनि त्यसयता भने देशैभरि सरदरभन्दा कम पानी परिरहेको प्राधिकरणकी प्रवक्ता शान्ति महतको भनाइ थियो ।

उनका अनुसार यस अवधिमा बाढी, पहिरो र चटयाङबाट मात्रै ४३ जनाको मृत्यु भएको छ । मनसुनजन्य विपद्का समग्र घटनालाई केलाउँदा गत वर्षको तुलनामा यस वर्ष घटना पनि कम घटेका छन् भने मानवीय र भौतिक क्षति पनि कम नै रहेको प्राधिकरणले जानकारी दिएको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण

# वैदेशिक रोजगार ऐनबाट औपचारिक रूपमा हट्यो 'सय संख्या'को प्रावधान

**प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार ऐनमा रहेको सय संख्याको प्रावधान औपचारिकरूपमा खारेज भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०' प्रमाणीकरण गरेसँगै उक्त प्रावधान खारेज भएको हो ।

अब राजपत्रमा प्रकाशित भएपछि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त संस्था (म्यानपावर कम्पनी) नवीकरणका लागि वर्षमा १०० जना श्रमिक अनिवार्य पठाउनुपर्ने व्यवस्था औपचारिकरूपमा हट्ने छ ।

यसअघि संघीय संसद्को दुवै सदनबाट पारित भएको उक्त विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस गरिएको थियो । प्रतिनिधिसभाबाट गत वैशाख १६ र राष्ट्रिय सभाबाट गत असार १७ गते बहुमतका आधारमा सो विधेयक पारित भएको थियो । 'सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले संघीय संसद्को दुवै सदनको बैठकबाट पारित भई प्रमाणीकरणका लागि पेस हुन आएको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्नुभएको छ,' राष्ट्रपति कार्यालयले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

राष्ट्रपतिबाट प्रमाणीकरण भएको उक्त विधेयकमा ७९ वटा ऐन संशोधनमा परेका छन्, जसमा वैदेशिक रोजगार ऐन, २०६४ का केही प्रावधान संशोधन गरिएको छ । वैदेशिक रोजगार ऐन संशोधनमार्फत १०० संख्याको प्रावधान खारेज गरिएको छ । वैदेशिक रोजगार व्यवसायीहरूको टाउको दुखाइको विषय बन्दै आएको यो प्रावधान खारेजीसँगै उनीहरूलाई राहत हुने भएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १३ को उपदफा (२) को खण्ड (घ २) मा 'लगातार दुई वर्षसम्म १०० जना पनि कामदार पठाउन नसकेमा' इजाजतपत्र रद्द हुने व्यवस्था छ । बुधबार राष्ट्रपतिबाट प्रमाणीकरण भएको विधेयकको क्रम संख्या ४८ मा रहेको पहिलो बुँदामा 'दफा १३ को उपदफा (२) को खण्ड (घ२) झिकिएको' अर्थात् खारेज गरिएको छ ।

क्रमशः पृष्ठ ५ मा



### ऐनमा भएका संशोधन

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १३ को उपदफा (२) को खण्ड (घ २) मा 'लगातार दुई वर्षसम्म १०० जना पनि कामदार पठाउन नसकेमा' इजाजतपत्र रद्द हुने व्यवस्था छ । बुधबार राष्ट्रपतिबाट प्रमाणीकरण भएको विधेयकको क्रम संख्या ४८ मा रहेको पहिलो बुँदामा 'दफा १३ को उपदफा (२) को खण्ड (घ२) झिकिएको' अर्थात् खारेज गरिएको छ ।

वैदेशिक रोजगार ऐनको दफा ३० मा रहेको सीपमूलक तालिमसम्बन्धी अर्को दफा ३० (क) थपिएको छ । जसअनुसार रोजगारीमा जाने कामदारले लिएको तालिम छ महिनासम्मको भए त्यस्तो तालिमको परीक्षण राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले गर्ने व्यवस्था छ ।

क्रमशः पृष्ठ ५ मा




## पृष्ठ १ बाट क्रमश:

## रसुवाको...

गोसाइकुण्ड-५ स्थित रोँगा पुल नजिक रहेका चारवटा काठका टहरासमेत बगाएको पुष्टि भएको छ। बाढीका कारण गोसाइकुण्ड-तातोपानीस्थित रसुवागढी जलविद्युत् आयोजनाको पुल र कालिका गाउँपालिका-१ तथा उत्तरगया गाउँपालिका-१ जोड्ने त्रिशूली नदीको पक्की पुल दुवैको सुरक्षा पर्खाल (ग्याबिन वाल) बगाउँदा ती संरचना उच्च जोखिममा परेका छन् ।

प्रशासनले त्रिशूली नदी किनारका रसुवा, नुवाकोट र धादिङका बासिन्दालाई अत्यधिक सतर्कता अपनाउन अपिल गरेको छ । नदी किनारमा माछा मार्न, बगेर आएका काठ-दाउरा संकलन गर्न वा जोखिमपूर्ण गतिविधि नगर्न स्पष्ट चेतावनी दिइएको छ । 'अहिले पनि बाढीको सतह उच्च नै रहेकोले रसुवा, नुवाकोट र धादिङका भोटेकोशी र त्रिशूली नदी किनार र आसपासका नागरिकलाई सजकता अपनाउन अनुरोध गरिन्छ,' जिल्ला प्रशासन कार्यालय रसुवाले बुधबार भन्यो, 'खोलामा माछा मार्न जाने, बाढीमा बगेर आएका काठ दाउरा टिप्न जानेजस्ता कार्यहरू नगरिदिनुहुन पनि आग्रह गरिन्छ ।'

यता बाढीका कारण बुधबार त्रिशूलीको जलसतह ह्वात्तै बढेको थियो । नुवाकोटका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद हुमागाईका अनुसार बाढीले जिल्लाको पैरेबैंसी, वेत्रावती, त्रिशूली, देवीघाटलगायत स्थानमा कटान गरेको छ । बाढी बस्तीतर्फ पनि पस्ने सक्ने भएकाले सुरक्षित रहन प्रशासनले आग्रह गरेको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका जवानले 'माइकिङ' गरेर नदी आसपासमा भएका घरपरिवारका सदस्यलाई सुरक्षित स्थानमा बस्न अनुरोध गरेका थिए ।

### असार २४ को बाढीबाट भएको क्षति

रसुवा बाढीका कारण २० जना बेपत्ता भएकामा १२ वटा शव तथा मानव अंग फेला परेको गृह मन्त्रालयको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । जसमध्ये हालसम्म दुईवटा शवको मात्र पहिचान भएको छ ।

नेपाल-चीन सीमाभन्दा करिब ३५ किलोमिटर माथि तिब्बती क्षेत्रमा अवस्थित प्युरेपु हिमनदीमा रहेको सुप्राग्लेसियर तालबाट पानी निकास हुँदा ल्हेन्दे खोला (नेपालतर्फको नाम भोटेकोशी) मा बाढी आएको थियो । प्राधिकरणका अनुसार बाढीले नेपाल चीन सीमा जोड्ने मितेरी पुल नै बगाएपछि चीनतर्फ अड्किएका नेपाली र विदेशी गरी १७७ जनाको हेलिकप्टरबाट र एक हजार ४० जनाको स्थल मार्गबाट उद्धार गरिएको थियो ।

बाढीका कारण चीनतर्फ फसेका नेपालीहरू, व्यवसाय, पर्यटन, तथा रोजगारीका सिलसिलामा केरुङ गएका र नेपाल आउन इच्छुक रहेका २०३ जना नेपाल सरकार र चीन सरकारको समन्वयमा सिन्धुपाल्चोकको तातोपानी नाकाहुँदै नेपाल ल्याएको प्राधिकरणले जनायो ।

### दुई महिनामा ४३ जनाको मृत्यु

प्राधिकरणले मनसुनजन्य घटनाका कारण देशभर पछिल्लो ६० दिनमा ४३ जनाको मृत्यु भएको जनाएको छ । बुधबार एक प्रतिवेदन जारी गर्दै प्राधिकरणले जेठ २६ देखि साउन २४ सम्म बाढीपहिरो र चट्याङलगायत घटनामा परी उक्त संख्यामा मृत्यु भएको जनाएको हो । यही अवधिमा गत वर्ष १७७ जनाको मृत्यु भएको थियो । यही अवधिमा मनसुनजन्य घटना ५६९ भएका छन् । अघिल्लो वर्ष एक हजार २१७ घटना भएका थिए । यो वर्ष बाढीपहिरोमा परी १९ जना बेपत्ता छन् भने ११६ जना घाइते भएका छन् ।

■■■

## देशैभरि...

'असार २४ गते रसुवाको भोटेकोशी नदीमा अकस्मात आएको बाढीले ठूलो धनजनको क्षति गरेको छ । वर्षा नै नभई रातको समयमा अकस्मात बाढी आएका कारण मानिसहरूले सुरक्षित ठाउँसम्म पुग्न समय नै पाएनन् । बाढीका कारण २० जना बेपत्ता भएकामा १२ वटा शव तथा मानव अंग फेला पारिएकामा हालसम्म दुईवटा शवको मात्र पहिचान भएको छ,' प्राधिकरणले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

बेपत्तामध्ये दुईजना सम्पर्कमा आइसकेका र सोही बाढीका कारण नुवाकोटको विदुर नगरपालिका-८ इन्द्रेणीघाटमा फसेका एक दम्पतीको हेलिकोप्टरबाट उद्धार गरिएको थियो । यस वर्षको मनसुनमा पानी कम परेका कारण मधेश प्रदेश सबैभन्दा बढी प्रभावित भएको र धान रोपाइ र बालीनाली लगाउनुपर्ने बेला भएकाले त्यहाँको जनजीवन नराम्ररी प्रभावित भइरहेको प्राधिकरणले प्रतिवेदनमा उल्लेख छ । पिउने पानी र सिँचाइका स्रोतसमेत सुकेपछि मधेस प्रदेश सरकारले प्रदेशलाई असार २६ गते सुख्खाग्रस्त घोषणा गरेको छ भने संघीय सरकारले यही साउन ७ गते विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

■■■

## रञ्जिताको...

नभन्दै बुधबार रेशमपक्षको राष्ट्रिय भेलाले रञ्जितालाई अध्यक्षबाट बर्खास्त गरेको हो ।

पार्टी महासचिव ठाकुरसिंह थारुले प्रभावसँग भने, 'कार्यवाहक अध्यक्ष बनाउन हाम्रो विधानले कहीँ कतैबाट मिल्दैन तर अध्यक्षले कार्यवाहक अध्यक्ष बनाउनुभयो । विधानविपरीतको काम गरेपछि उहाँमाथि हामीले एक्सन लियौं ।'

रञ्जिताले 'राष्ट्रिय भेला'लाई सानो सर्कलको स्वार्थी जमघट भनेकी थिइन् । त्यस्तो सर्कलले आफूलाई अध्यक्षबाट हटाउने विषय हास्यास्पद हुने उनले टिप्पणी गरिन् । 'मलाई केन्द्रीय अध्यक्षबाट हटाउने ? यो आफैंमा हास्यास्पद कुरा हो । केन्द्रीय अध्यक्षको जिम्मेवारी विधानअनुसार हुन्छ, कुनै व्यक्तिको चित्त नबुझेर हुँदैन,' रेशमलक्षित रञ्जिताको भनाइ थियो ।

बर्खास्त भएकी रञ्जिता नाउपाकी संस्थापक अध्यक्ष हुन् । श्रीमान् रेशम संरक्षकको भूमिकामा छन्। २०८० को पुसमा भएको पार्टीको पहिलो महाधिवेशनबाट रञ्जितालाई अध्यक्षबाट हटाइएको थियो । पछि उनलाई सहअध्यक्ष मनोनीत गरिएको थियो । रञ्जिताले स्वीकारिनन् । त्यसबेला रेशम अध्यक्ष बनेका थिए ।

तर, निर्वाचन आयोगले रेशमलाई अध्यक्ष हुन अयोग्य ठहर गर्‍यो । रञ्जिता स्वयंले पनि आफूविरुद्ध सर्वोच्च अदालतमा परेको एक मुद्दामा लिखित जवाफमा भनेकी थिइन्, '...जन्मकैदको सजाय भोगी कारागारमा बसेको अवस्थामा राजनीतिक दलको सदस्यता प्रदान हुने अवस्था थिएन, र छैन । महाधिवेशनबाट केन्द्रीय अध्यक्ष चुनिने कुरा त परै जाओस् निजले संगठित सदस्यता प्राप्त गरी महाधिवेशनमा भाग लिन पाउने अवस्थासमेत छैन ।'

तर, नाउपाको रेशमपक्षीय केन्द्रीय सदस्य, संघ र प्रदेशका सांसद लगायतको बुधबारको भेलाले रञ्जितालाई पदमुक्त गरिएको हो । नाउपाका नेताहरूका अनुसार पदमुक्त गर्न हुँदैन भन्ने आवाज भेलामा सुनिएन । अध्यक्ष रञ्जिता र उनीपक्षीय कोमल ज्ञवाली भेलामा थिइनन् ।

बर्खास्तीअघि रञ्जितालाई पार्टीको अनुशासन आयोगले स्पष्टीकरण सोधेको थियो । स्पष्टीकरण दिने अवधि २४ घण्टा थियो । त्यस अवधिमा रञ्जिताले स्पष्टीकरण नदिएको महासचिव थारुले बताए । उनका अनुसार स्पष्टीकरण नआएपछि उनलाई पदमुक्त गरिएको हो ।

रञ्जितामाथि कारबाही गर्नुको पछाडि विविध घटनाक्रम जोडिएका छन् । त्यसमध्येको एउटा हो- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री भएको बेला उनले कास्कीको भूमि आयोग अध्यक्ष र मालपोत प्रमुख सरुवा प्रकरणमा घुस लिएको अडियो बाहिरिनु । दुई निकायका प्रमुखको सरुवा बहुचर्चित लिचीबारी प्रकरण हो । यसमा रञ्जिता मुछिएकी छन् ।

हुन पनि पूर्वसामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता, रञ्जिता र मन्त्रीलाई पैसा बुझाउने व्यक्तिसँग निरन्तर संवाद भएको अडियो नै सार्वजनिक भइसकेको छ । कतिसम्म भने रञ्जिताले पोखराका विचौलियासँग निरन्तर फोन र म्यासेज गरेर काम अघि बढाइदिने आश्वासन दिएको खुलेको छ। यसबारे अख्तियारले रञ्जितासँग बयान लिइसकेको छ ।

यो प्रकरणपछि रेशमले रञ्जितालाई पार्टी बैठकमा स्पष्टीकरण दिन दबाब दिएका थिए । रञ्जिता यो प्रकरणमा जिम्मेवार बन्नुपर्ने उनको मत थियो । यस्तोमा स्वास्थ्य समस्याको कारण देखाउँदै आफूनिकट शिव बाँस्तोलालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएर चलाखीपूर्वक सम्भावित कारबाहीबाट जोगिन उनले रणनीति अख्तियार गरिन् । भलै उनी कारबाहीबाट जोगिनन् ।

अर्को, रेशम-रञ्जिता सम्बन्ध ठीकठाक छैन । टीकापुर घटनामा दोषी ठहरिएर जेल परेका रेशम सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलबाट आममाफी पाएर छुटेदेखि नै श्रीमान्-श्रीमतीको राजनीतिक र पारिवारिक दुवै सम्बन्धमा दरार पैदा भयो । उनीहरूबीचको टकराव सार्वजनिकरूपमै प्रकट हुँदै आयो । त्यसको असर प्रदेश र संघीय सरकारमै पटक-पटक देखियो । जनमत पार्टी र नाउपाबीचको एकता प्रक्रियामा पनि रेशम-रञ्जिताको फरक-फरक धारणा थियो । तर, पार्टी एकता भएन ।

पार्टी सञ्चालन प्रणालीमै पनि दुईबीच मतान्तर थियो । मतान्तर बढ्दै जाँदा दुई पक्षबीच केही महिनाअघि पार्टी कार्यालयमै हात हालाहाल भएको थियो । त्यसपछि पार्टीमा समानन्तर गतिविधि बढ्दै थियो । त्यहीबीच रेशमले एकपटक रञ्जिताकै कारण आफू आत्महत्या गर्ने तहसम्म पुगेको बताएका थिए । उनै रञ्जितालाई अध्यक्षबाट बुधबार बर्खास्त गरिएको हो ।

■■■

## अबको...

भेलाबाट एक वरिष्ठ उपाध्यक्ष, सात प्रदेशका संयोजक रहनेगरी सात उपाध्यक्ष, एक महासचिव र सात सहमहासचिव तोकिने भएको छ । महाधिवेशनबाट निर्वाचित सिंगो टिमलाई ब्युउँताउने रेशमपक्षको रणनीति छ । त्यसका लागि निर्वाचन आयोगसँग छलफल गरिरहेको नाउपा महासचिव थारुले बताए ।

■■■

## लिङ्देनका...

भन्दै खडायतले आक्रमण गरे । पीडित गैरेले आफूलाई एक जना नचिनेका मान्छेले पक्रेको र खडायतले हेल्मेटले तीन/चारपटक प्रहार गरेको बताए । रेस्टुरेण्टमा भएका अन्यले छुटचाएकाले आफ्नो ज्यान जोगिएको उनको भनाइ छ ।

'साइडमा लगेर हान्दै थियो । अर्को मान्छे थियो, त्यसले मलाई पक्रेको थियो र अरुले छुटचाएपछि मात्रै ज्यान बच्या हो,' उनले भने, 'गुण्डागर्दी शैलीमा ममाथि आक्रमण भयो ।'

घटना बुधबार साँझ ६:३० बजेतिरको हो । घटनापछि पीडित गैरेले खडायतमाथि हदैसम्मको कानुनी कारबाहीको माग गर्दै महाराजगञ्जस्थित प्रहरी वृत्तमा उजुरी दिएका छन् । वृत्तले घटनाबारे थप अनुसन्धान भइरहेको र खडायतको खोजी भइरहेको जनाएको छ । खडायतलाई घटनाबारे बुझ्न खोज्दा उनको फोन 'स्वीच अफ' गरिएको थियो ।


### कुवेतमा रोजगार

कम्पनी : Streetza Company For Pies, Pastries & Sweets

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 311601 | चलानी नं. ६०२२६०९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pizza Maker | 5 | 0 | 150 | ६८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ETC FOOD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 317166 | चलानी नं. ६०२३१४७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hostess (Waitress) | 0 | 5 | 150 | ६८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asst.cook | 50 | 0 | 130 | ५९,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

### युएइमा रोजगार

कम्पनी : ENHANCE ON DEMAND LABORS SUPPLY L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 328238 | चलानी नं. ६०२४२०००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehousemen | 150 | 0 | 1000 | ३७,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook General | 50 | 0 | 1500 | ५६,७५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

FRONTLINE RECRUITMENT PVT.LTD.
Frontline Recruitment
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

### कतारमा रोजगार

कम्पनी : HAND & FEET SPA

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 328196 | चलानी नं. ६०२४१९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beauticians (Ladies) | 0 | 3 | 1600 | ६१,०५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Sandiya Human Resources Pvt. Ltd.
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com
श्रम ईजाजत नं. १०९७/०७३/०७४

### कतारमा रोजगार

कम्पनी : ABBAN CONTRACTING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 328190 | चलानी नं. ६०२४२००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 3 | 0 | 2500 | ९५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 0 | 3 | 2500 | ९५,४०५ | | | | | | | |
| 3 | Cashier | 3 | 1 | 1400 | ५३,४२७ | | | | | | | |
| 4 | Receptionist | 0 | 2 | 1500 | ५७,२४३ | | | | | | | |
| 5 | Sales Superviser | 1 | 1 | 2500 | ९५,४०५ | | | | | | | |
| 6 | Site Supervisor | 0 | 1 | 2500 | ९५,४०५ | | | | | | | |
| 7 | WAITER(FEMALE) | 0 | 1 | 1400 | ५३,४२७ | | | | | | | |
| 8 | Waiter(Male) | 2 | 0 | 1400 | ५३,४२७ | | | | | | | |
| 9 | REPRESENTATIVE | 1 | 1 | 2500 | ९५,४०५ | | | | | | | |
| 10 | Dry Cleaner Worker | 0 | 1 | 1200 | ४५,७९५ | | | | | | | |
| 11 | administrative supervisor | 2 | 0 | 2500 | ९५,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Sulav Recruitment Pvt.Ltd.
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com
Govt. License No. 1336/074/075

### कतारमा रोजगार

कम्पनी : MARGO TRADING CONTRACTING ANDSERVICES

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 328052 | चलानी नं. ६०२४१९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Foreman | 1 | 0 | 2500 | ९५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 4 | 0 | 1100 | ४१,९८० | | | | | | | |
| 3 | Carpenter | 8 | 0 | 1100 | ४१,९८० | | | | | | | |
| 4 | Helper | 2 | 0 | 1000 | ३८,१६० | | | | | | | |
| 5 | Labour | 9 | 0 | 1000 | ३८,१६० | | | | | | | |
| 6 | Mason (Nepal) | 9 | 0 | 1100 | ४१,९८० | | | | | | | |
| 7 | Electrician (Cabling Technician) | 2 | 0 | 1100 | ४१,९८० | | | | | | | |
| 8 | Blacksmith | 2 | 0 | 1100 | ४१,९८० | | | | | | | |
| 9 | Carpenters | 1 | 0 | 1100 | ४१,९८० | | | | | | | |
| 10 | Plaster Technician/mason | 3 | 0 | 1100 | ४१,९८० | | | | | | | |
| 11 | Representative | 1 | 0 | 2100 | ८०,१४० | | | | | | | |
| 12 | Plaster Worker (Mason) | 1 | 0 | 1100 | ४१,९८० | | | | | | | |
| 13 | Brick Mason/plaster Worker | 5 | 0 | 1100 | ४१,९८० | | | | | | | |
| 14 | Electrician - Building | 2 | 0 | 1100 | ४१,९८० | | | | | | | |
| 15 | Electricain Technician/electrician | 2 | 0 | 1100 | ४१,९८० | | | | | | | |
| 16 | Driver (Light Vehicle) | 1 | 0 | 1400 | ५३,४२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Career International Services (P.) Ltd.
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com
License No. : 646/063/064


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

बिहीबार, १५ साउन, २०८२

| | |
|---|---|
| मेष | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| वृष | नोकरीमा पद प्राप्ति हुनेछ । |
| मिथुन | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| कर्कट | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| सिंह | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| कन्या | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| तुला | रोकिएका कम बन्ने नयाँ योजना । |
| वृश्चिक | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| धनु | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| मकर | महगा सामानतर्फ ध्यान जानेछ । |
| कुम्भ | खानपान र पहिरनमा खर्च हुनेछ । |
| मीन | खर्च बढ्नाले अभाव देखिन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१५ साउन , २०८२ (३१ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.६१ | १३९.२१ |
| युरो | १ को | १६०.२८ | १६०.९८ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.०० | १८५.८० |
| स्विस फ्रैन्क | १ को | १७२.१५ | १७२.९० |
| अस्ट्रेलियन डलर | १ को | ९०.२० | ९०.५९ |
| क्यानाडियन डलर | १ को | १००.७७ | १०१.२१ |
| सिङ्गापुर डलर | १ को | १०७.६३ | १०८.१० |
| जापानी येन | १० को | ९.३३ | ९.३७ |
| चिनियाँ युआन | १ को | १९.३२ | १९.४० |
| साउदी अरब रियाल | १ को | ३६.९५ | ३७.११ |
| कतारी रियाल | १ को | ३८.०३ | ३८.१९ |
| थाई भाट | ख १ को | ४.२७ | ४.२९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.७४ | ३७.९० |
| मलेसियन रिङेट | १ को | ३२.७३ | ३२.८८ |
| दक्षिण कोरियन वन | १०० को | ९.९६ | १०.०० |
| स्विडिस क्रोनर | १ को | १४.३८ | १४.४४ |
| डेनिस क्रोनर | १ को | २१.४८ | २१.५७ |
| हङकङ डलर | १ को | १७.६६ | १७.७३ |
| कुवेती दिनार | १ को | ४५३.७० | ४५५.६६ |
| बहराइन दिनार | १ को | ३६७.६८ | ३६९.२७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# काठमाडौं उपत्यकामा ‘लागुऔषधविरुद्ध महाअभियान’

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका प्रहरी कार्यालयले लागुऔषध दुर्व्यसनरहित घरनिर्माण गर्ने उद्देश्यले लागुऔषधविरुद्ध महाअभियान चलाएको छ । घरघरमा सचेतना फैलाउन उक्त अभियान चलाइएको प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङले जानकारी दिए ।

काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीद्वारा सञ्चालित लागुऔषधविरूद्धको महाअभियानअन्तर्गत नागार्जुन नगरपालिकाको आयोजना एवं सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवाकेन्द्र इचंगुनारायणको सहकार्यमा बुधबार नागार्जुनमा सचेतनामूलक कार्यक्रम आयोजना सम्पन्न गरियो । उक्त कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङ र नागार्जुन नगरपालिकाकी कार्यवाहक प्रमुख सुशीला अधिकारीबीच लागुऔषधविरूद्ध आपसी सहयोग, समन्वय र सहकार्यसम्बन्धी समझदारीसमेत भएको छ ।

कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले लागुऔषध नियन्त्रण तथा न्यूनीकरण गर्न जनचेतनाको ठूलो महत्त्व रहेको चर्चा गर्दै लागुऔषधरहित समाज निर्माण गर्न प्रहरी, स्थानीय निकाय, नागरिक समाज र अन्य सरोकारवाला निकायले आपसी समन्वय, सहकार्य तथा दायित्वबोध गरी अगाडि बढ्नुपर्ने बताए ।

उपत्यका प्रहरीले तीन जिल्लामै लागुऔषधविरुद्ध खोजी अभियान तथा सचेतनामूलक महाअभियान जारी राखेको छ । कार्यक्रममा नागार्जुन नगरपालिकाकी कार्यवाहक प्रमुख अधिकारीले यस कार्यक्रमले लागुऔषध नियन्त्रण तथा न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताइन् । कार्यक्रममा जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारी र सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र इचंगुनारायणका अध्यक्ष प्रताप दानीले अभियानमा सबैको सहकार्य जरुरी रहेको बताए ।

# ‘संसद् अन्तर्राष्ट्रिय सहकार्यलाई सुदृढ पार्ने साधन’




**काठमाडौं–** सभामुख देवराज घिमिरेले संसद् र सांसदहरू मतदाताको जनप्रतिनिधिमात्र नभएर अन्तर्राष्ट्रिय सहकार्यलाई सुदृढ पार्ने साधन पनि भएको बताएका छन् । अन्तरव्यवस्थापिका संघ (आइपियू) र संयुक्त राष्ट्रसंघ (युएन) ले जेनेभामा आयोजना गरेको संसद्का ‘सभामुखहरूको छैटौं विश्व सम्मेलन’ लाई बुधबार सम्बोधन गर्दै उनले भने, ‘संसदीय प्रक्रियाका माध्यमबाट सरोकारवाला पक्षहरूको दृष्टिकोणलाईसमेत निर्णय प्रक्रियामा समेटेर अझ गतिशील विश्व निर्माणमा सहयोग पुर्‍याउन सम्भव रहेको धारणा राख्न चाहन्छु ।’

सभामुख घिमिरेका प्रेसविज्ञ शेखर अधिकारीका अनुसार सभामुख घिमिरेले सो सम्मेलनमा संसद्हरूको एउटा महत्त्वपूर्ण कार्य अन्तर्राष्ट्रिय सहमति तथा सम्झौतालाई घरेलु नीतिमा रूपान्तरण गर्नुपर्नेमा जोड दिएका थिए । सभामुख घिमिरेले भने, ‘आजको संसार विभिन्न मूल्य, प्राथमिकता र स्वार्थबाट निर्देशित हुँदा साझा समझदारी बनाउनु निकै कठिन छ, युएन तथा अन्य अन्तरसरकारी संस्थाले संगठित समूहहरूको अवाञ्छित प्रभावलाई बेवास्ता गर्दै बहुपक्षीय संस्थाको वैधतालाई बलियो बनाउनुपर्दछ ।’

उनले विश्व शासन निर्माणमा सरकार मात्र होइन, नागरिक समाज, निजी क्षेत्र, शैक्षिक संस्था र सामुदायिक संगठनलाई परिभाषित गर्नुपर्ने बताउँदै खुलापन र सहभागितामूलक संवादलाई प्राथमिकता दिन जरूरी रहेको बताए । उनले भने, ‘वर्तमान विश्वको शासन प्रणालीलाई वास्तविक अर्थमा प्रभावकारी बनाउन समावेशीकरणलाई प्रवर्द्धन गर्नुपर्दछ, हामीले महिला, युवा र आदिवासी समुदायजस्ता न्यून प्रतिनिधित्व भएका समूहको निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्छ, यस प्रयासमा सांसदहरूको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहन्छ ।’ *रासस*

# चार दशकपछि पशुपति क्षेत्रका टोलटोलमा लाखे नाच

**काठमाडौं–** चार दशकपछि पशुपति क्षेत्रका टोलटोलमा लाखे नाचको रौनकता छाएको छ । विगत ४५ वर्षदेखि हुन नसकेको ऐतिहासिक लाखे झचालिन्छ नाच यस वर्ष श्रावण शुक्ल पञ्चमीदेखि सुरू भएपछि लोप हुन लागेको पशुपति क्षेत्रको एउटा जात्राले पुनर्जीवन पाएको छ । पशुपति क्षेत्र विकास कोषअन्तर्गतको अमालकोट कचहरीका द्वारे रामकृष्ण डंगोल स्थानीयवासीको साथ र सहयोगले नै यो जात्रालाई पुनर्जीवन दिन सकिएको बताउँछन् ।

जयबागेश्वरी मन्दिर, देवपत्तनमा ऐतिहासिक लाखे झचालिन्छ नाचको पुनरुत्थान श्रावण शुक्ल पञ्चमीमा पुनर्जीवन दिइएको हो । कोषका साथै दथु त्वाः बाजं खलः र स्थानीय संस्कृति तथा सम्पदा प्रेमीहरूको सक्रियताबाट यो पौराणिक र नेवारी संस्कृति झल्काउने नाचलाई पुनर्जीवन दिइएको स्थानीय श्रीकृष्ण डंगोलले बताए । श्रावण शुक्ल पञ्चमीदेखि भाद्र कृष्ण सप्तमीसम्म १७ दिन यो जात्रा सञ्चालन हुने जनाइएको छ । जात्रा शुभारम्भका दिन जयवागेश्वरीबाट पशुपतिनाथ मूल मन्दिरसम्म लाखे नचाएर जात्रा गरिएको छ । *रासस*


## साउदी/युएइमा रोजगार

कम्पनी : AL-ASHQAR CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 328115 | चलानी नं. ६०२४१९४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweet Maker | 2 | 0 | 1500 | ५५,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QUICK REACTION SECURITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८०/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 298992 | चलानी नं. ६०२१३९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | communication assistant | 0 | 1 | 2000 | ७५,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 39 | 10 | 1200 | ४५,४०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN) Govt. License No. 1440/074/75
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com



## ओमन/साउदीमा रोजगार

कम्पनी : RAYTHAA TRADING

पूर्व स्वीकृति मिति : २०८२/०४/१३ | LT. No. 328025 | चलानी नं. ६०२४१९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/GEneral Beautician | 0 | 1 | 170 | ६१,४२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HAIR STYLIST FEMALE | 0 | 1 | 170 | ६१,४२८ | | | | | | | |

कम्पनी : GOODIN GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०४/१३ | LT. No. 328025 | चलानी नं. ६०२४१९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging & Wrapping Worker | 2 | 0 | 1000 | ३७,०३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SELLER | 3 | 0 | 1400 | ५१,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम इजाजत नं. ११०८/०७३/०७४



## कतारमा रोजगार

कम्पनी : AL BAIDA TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 322165 | चलानी नं. ६०२३१६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | general mechanics | 44 | 0 | 1200 | ४५,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | heavy equipment operator | 30 | 0 | 2500 | ९५,४०५ | | | | | | | |
| 3 | load unload worker | 164 | 0 | 1000 | ३८,१६० | | | | | | | |
| 4 | plumbing technician (plumber) | 16 | 0 | 1200 | ४५,७९५ | | | | | | | |
| 5 | supervisor construction | 75 | 0 | 2500 | ९५,४०५ | | | | | | | |
| 6 | general carpenter | 10 | 0 | 1300 | ४९,६१० | | | | | | | |
| 7 | bus drivers | 10 | 0 | 1900 | ७२,५०५ | | | | | | | |
| 8 | site supervisor | 19 | 0 | 2500 | ९५,४०५ | | | | | | | |
| 9 | general pipe welder | 8 | 0 | 1200 | ४५,७९५ | | | | | | | |
| 10 | building blacksmith | 8 | 0 | 1200 | ४५,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## युएइमा रोजगार

कम्पनी : ORIENT CONCRETE PRODUCT FACTORY LLC | शहर: SHARJAH

पूर्व स्वीकृति मिति : २०८२/०४/१३ | LT. No. 328055 | चलानी नं. ६०२४१९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 5 | 0 | 1500 | ५६,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 5 | 0 | 1500 | ५६,७५० | | | | | | | |
| 3 | Concrete Mason | 5 | 0 | 1500 | ५६,७५० | | | | | | | |
| 4 | Stone Mason | 5 | 0 | 1500 | ५६,७५० | | | | | | | |
| 5 | Stone Carver | 5 | 0 | 1500 | ५६,७५० | | | | | | | |
| 6 | Brick Layer | 5 | 0 | 1500 | ५६,७५० | | | | | | | |
| 7 | House Builder | 2 | 0 | 1500 | ५६,७५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt.Lic.No 1728/081/82
RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०४/०३ मा दर्ता भएको **प्रा.लि. नं. २६४७४०/०७८/०७९** को **नेपाल न्युज लिंक प्रा.लि.** को मिति २०८२/०४/१४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**


## युएइमा रोजगार

कम्पनी : Berkeley Security Services & Building Cleaning ( Br. Of Berkeley Services UAE LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 317675 | चलानी नं. ६०२३१९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1200 | ४५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Proficient Employment Services Pvt.Ltd
श्रम इजाजत नं. १५८२/०७९/८०
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-4970500/4970600


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/१२/०१ मा दर्ता भएको **प्रा.लि. नं. १४६४५७/०७२/०७३** को **मोक्षत्र इन्टरप्राइजेज प्रा.लि.** को मिति २०८२/०४/१४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०४/१५**

यस कम्पनीको मिति २०८२/०३/१५ गतेको साधारण विषेश सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **पिक कन्सल्टिङ्ग (दर्ता नं. २६००६७)** को नाममा रहेको चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **क्याटालिस्ट ग्लोबल पाथवे प्रा.लि.**ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौं ।

## ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

**सदस्य महानुभावहरूमा**

## १५औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति: २०८२/०४/१५, प्रभाव राष्ट्रिय दैनिक**

यस ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि., नयाँ बानेश्वर, काठमाडौंको मिति २०८२/०४/०७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयले संस्थाको १५औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित प्रस्तावहरूमा छलफल गरी निर्णय गर्नका लागि देहाय बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले सोही अनुसार उपस्थितिका लागि सम्पूर्ण सदस्य महानुभावहरूलाई अनुरोध छ ।

**छलफलका प्रस्तावहरू**

१. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा,
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. आ.व. ०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ.व. ०८२/८३ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
५. लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा,
६. आ.व. ०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा,
७. साधारण सभाको निर्णय प्रमाणित प्रतिनिधि सम्बन्धमा,
८. आ.व. ०८१/८२ मा सञ्चालक समितिले गरेका निर्णयहरू अनुमोदन सम्बन्धमा,
९. विनियम संशोधन सम्बन्धमा,
१०. सदस्यता हित योजना संशोधन सम्बन्धमा,
११. आन्तरिक नीति तथा कार्यविधि सम्बन्धमा,
१२. विशेष प्रस्तावहरू सम्बन्धमा ।

**साधारण सभाको कार्यक्रम:**

**सभा हुने मिति:** २०८२/०५/२१ गते शनिबार
**सभा हुने समय:** बिहान ११:०० बजे
**सभा हुने स्थान:** होटल ए-वान भेन्यू, कोटेश्वर, काठमाडौं

**नोट:**

- संस्थाको १५औं वार्षिक प्रतिवेदन भाद्र १५ गते www.jyotipunja.coop.np मा समेत राखिने छ ।
- सभामा उपस्थित सदस्य महानुभावहरूलाई परिवहन खर्च स्वरूप रु. ५००।- उपलब्ध गरिनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**सचिव**

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना १५ गते विहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| | |
|---|---|
| **क) शाखा कार्यालय : राजीपुर शाखा** | **कर्जा शीर्षक : साधारण कर्जा** |
| **ऋणीको विवरण** | |
| पदम बहादुर टमोटाको नाति गणेश ताम्राकारको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हाल, कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **मनोज ताम्राकार** (ना.प्र.नं. : ७४-०१-७५-०१८९३ जारी मिति र जिल्ला : २०७४/०८/२४, डडेल्धुरा) | |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** | |
| १) भिम बहादुर ताम्राकारको छोरी गणेश ताम्राकारको बुहारी मनोज ताम्राकारको पत्नी कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ५ हाल, वडा नं. ८ बस्ने **सावित्री ताम्राकार** (ना.प्र.नं. : ६७ -०१-७५-११५४४ जारी मिति र जिल्ला : २०७५/१२/२५, कैलाली) | |
| २) पदम बहादुर टमोटाको नाति गणेश बहादुर टमोटाको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हाल, कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **भरत ताम्राकार** (ना.प्र.नं. : ७४-०१-७०-०१६६२ जारी मिति र जिल्ला : २०७०/०९/०७, डडेल्धुरा) | |
| **ख) शाखा कार्यालय : सितापाईला शाखा** | **कर्जा शीर्षक : प्राफेसनल कर्जा** |
| **ऋणीको विवरण** | |
| विष्णु प्रसाद पाध्याको नाति खेमराज पाध्याको छोरा बाग्लुङ् जिल्ला अमलाचौर गा.वि.स. वडा नं. ४ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १८ बस्ने **अरुण ढकाल** (ना.प्र.नं. : ५०१०२२-१७१४६ जारी मिति र जिल्ला : २०६६/१०/१३, बाग्लुङ) | |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** | |
| १) राम प्रसाद रिमालको छोरी खेमराज पाध्याको बुहारी अरुण ढकालको पत्नी नुवाकोट जिल्ला खड्गभञ्याङ गा.वि.स. वडा नं. २ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १८ बस्ने **सोविता रिमाल** (ना.प्र.नं. : २५-०१-७३-००५८२ जारी मिति र जिल्ला : २०७३/०१/१६, नुवाकोट) | |
| २) उमानाथ पाध्याको नाति पशुराम रिजालको छोरा बाग्लुङ् जिल्ला पैयुपाटा गा.वि.स. वडा नं. ७ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १४ बस्ने **सविन रिजाल** (ना.प्र.नं. : ५०-०१-७३-००५१४ जारी मिति र जिल्ला : २०७३/०२/०४, बाग्लुङ) | |

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## मेधा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, महाराजगञ्ज-३, काठमाडौंको

## धितोमा रहेको अचल सम्पति लिलाम बडाबड गरी बिक्री गर्ने सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/१५ गते**

यस संस्थाका शेयर सदस्य श्री मोहन कुमार गिरीले यस सहकारी संस्थाबाट मिति २०७८ असार २४ मा व्यापार कर्जा शीर्षकमा लिएको कर्जा संस्था संग गरेको संझौता बमोजिम समय-समयमा तिर्न बुझाउन पर्ने साँवा ब्याज हर्जाना लगायतका रकमहरु नतिरी, नबुझाई संस्था संग गरेको कर्जा सम्बन्धी सर्त नियमहरु उल्लंघन गरेको र संस्थाले पटक पटक कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता गर्न नआएकोले मिति २०८१ माघ ०२ गते प्रभाव दैनिक पत्रिकामा कर्जा चुत्ता गर्ने ३५ दिने सूचना प्रकाशित गरीएको र पुनः मिति २०८१ फागुन २२ गते प्रभाव दैनिक पत्रिकामा प्रकासित गर्दा पनि संस्थालाई तिर्न पर्ने रकम बुझाउन नआएकोले कर्जा लिएको मिति देखि हाल सम्मको ब्याज, हर्जना समेतको लेना रकम असुल उपर गर्नको लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५को नियम ३० तथा यस संस्थाको बिनियमले दिएको अधिकार प्रयोग गरि यस संस्थालाई धितो सुरक्षण स्वरुप लेखि दिनु भएको तपशिलमा उल्लेखित शर्तहरु बमोजिम पञ्चकृत मूल्यांकन गरि लिलामी बिक्री गरिने भएकाले सो लिलामी बिक्रीमा डाँक बढाबढ गरि लिन इच्छुक ब्याक्ति, फर्म, संघ संस्थाहरु समेत सबैको जानकारीको लागि यो अन्तिम १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै यस संस्थालाई तिर्न बुझाउन पर्ने ऋण, लागेको ब्याज, हर्जाना समेत लिलाम हुनु अघिनै तिरी चुक्ता गरि धितो फुकुवा गर्न गराउन ऋणी तथा जमानीलाई अन्तिम मौका समेत दिएको छ । उक्त म्याद भित्र ऋण चुक्ता नभई धितो लिलाम बिक्री भएमा वा कसैले धितो लिलामी सकार नगरी सहकारी संस्था आफैले सकार गरि लिएमा पछि कहिं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै सुरक्षणमा रहेको धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ र प्रचलित नेपाल कानून बमोजिम ऋणीका नाममा धितोमा राखेको सम्पत्तिबाट नपुग भएमा अन्य जायजेथाबाट, निजका परिवारका अन्य ब्यक्तिहरु तथा व्यक्तिगत जमानी कर्ताको नाममा रहेको अन्य चल-अचल सम्पत्ति समेतबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| ऋणिको तीनपुस्ते विवरण | ऋणिको र जमानीको फोटो | धितो रहेको घर जग्गाको बिवरण |
|---|---|---|
| **मोहन कुमार गिरी**<br>ना.प्र.नं.: ३८०/१८८१, बाजुरा<br>बाबु : प्रदिप कुमार गिरी<br>बाजे : जयनन्द गिरी<br>ठेगाना : बाजुरा जिल्ला कोल्टी वडा नं.३<br>घन जमानी दिने::<br>नवराज वराल | <br> | का.जि साविक वडा नं. १२ हाल बलम्बु गा.बि.स. वडा नं. ५कि.न ११०९ क्षेत्रफल (०–९–०–०(रोपनी) २८६.११ व.मि |

**लिलामीका सर्तहरू**

१) यो सूचना प्रकाशित भएका मितिले १५ दिन भित्र पनि ऋणीले कर्जा चुक्ता गर्न नआउनु भएमा १६औं दिनमा धितो रहेको ठेगानाको वडा कार्यालयमा दिनको १२.०० बजे लिलाम बिक्री कार्य गरिनेछ । सो दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोहिस्थान र समयमा लिलाम बिक्रि गरिनेछ ।
२) लिलाम डाक बढाबढमा भाग लिन इच्छुक ब्यक्ति स्वयम् आफ्नो सक्कल नागरिकता लिएर उपस्थित हुनु पर्ने छ । संस्थाको हकमा रितपुर्वकको अख्तियारी तथा संस्थाको दर्तासंग सम्बन्धित कागजातहरु सहित उपस्थित हुनु पर्नेछ ।
३) धितो सम्पतिको पञ्चकृत मुल्यलाई आधारमानी लिलाम डाक बढाबढ हुनेछ ।
४) धितो लिलाम बढाबढमा अन्तिम पटक सबै भन्दा बढि रकम कवोल गर्ने ब्यक्ति वा संस्थाको नाममा लिलाम सकार गराइनेछ ।
५) सबैभन्दा बढि रकम कवोल गर्नेले आफूले कवोल गरेको रकमको १०% ले हुने रकम यस संस्थाको नाममा नगदमा वा संस्थाको बैंक खातामा अनिवार्य रुपमा सोहि दिन धरौटी बापत दाखिला गर्नु पर्ने छ । तत्काल उल्लेखित १० % रकम नबुझाएमा सो पछिको सबै भन्दा बढी डाक बोल्ने ब्यक्ति वा फर्मका नाममा लिलाम सकार गराइनेछ । बाँकी ९०% रकम लिलामी सकार गरेको मितिले ७ दिन भित्र संस्थामा बुझाइ सक्नु पर्नेछ अन्यथा उक्त धरौटी रकम जफत हुनेछ ।
६) लिलामी बिक्रि गरिने सम्पत्ती सम्बधि कुनै जानकारी चहिएमा वा स्थलगत निरीक्षण गर्न चाहेमा संस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।
७) लिलाम बिक्रिको लागि तोकिएको समय सीमा सम्म उल्लेखित सम्पती कसैले लिलाम सकार गरि लिन नचाहेमा वा आफूले कवोल गरेको रकमको १०% रकम नबुझाएमा सो सम्पत्तिको स्वामित्व सहकारी ऐन २०७४को दफा ७९ तथा सहकारी नियामावली २०७५को नियम ३५ बमोजिम निर्धारित पञ्चकृत मूल्यमा संस्था आफैले सकार गरि लिन सक्नेछ ।
८) लिलाम सकार गर्नेले सकार गरेको पूरा मूल्य रकम उक्त समय भित्र बुझाएमा लिलाम सकारेको उक्त घर जग्गा निजको नाममा दाखिल खारेज गरि दिनका लागि सम्बन्धित कार्यालयमा लेखि पठाइनेछ । दाखिल खारेज गर्दा लागने दै-दस्तुर वा राजश्व समेत सकार गर्ने आफैले व्यहोर्न पर्नेछ ।
९) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयम्ले व्यहोर्न पर्नेछ ।
१०) लिलाम बिक्री गरिने दिन तथा समयमा उपस्थित हुन ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत जानकारी गराइन्छ । निजहरु अनुपस्थित रहेमा पनि लिलामी रोकिने छैन ।
११) लिलाम बढाबढ यस सहकारीको कार्यालय महाराजगञ्ज-३ मा हुने छ ।

**मेधा बचत तथा ऋण सहकारी संस्था लि. महाराजगञ्ज-३, काठमाडौं ।**
**फोन नं. ४९५५६७५**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### वैकल्पिक दलमा पनि पुरानै रोग !

ठुला र पुराना दलका नेताका कार्यशैलीका कारण जनता आक्रोशित छन् । नौ–नौ महिनामा सरकार फेरिइरहने, भ्रष्टाचार, सेटिङजस्ता काण्डका कारण रुष्ट जनताले वैकल्पिक शक्ति खोजिरहेका छन् । २०७९ को निर्वाचनमा यसरी नै राष्ट्रिय स्वतन्त्र पार्टी, मधेसमा जनमत पार्टी र सुदूरपश्चिममा नागरिक उन्मुक्ति पार्टीको उदय भए । यी तीन दललाई जनताले अप्रत्यासितरूपमा समर्थन पनि गर्‍यो ।

तर तिनै दल अहिले मन्त्रीको भागबण्डादेखि भ्रष्टाचार काण्डमा फस्न थालिसकेका छन् । कतिसम्म भने जनताको मन जितेर संघदेखि प्रदेशको सरकारमा पुग्न सफल नागरिक उन्मुक्तिका मन्त्री र सांसदहरू भ्रष्टाचार मुद्दाका कारण सरकारबाट बाहिरिनुपर्‍यो । अहिले नागरिक उन्मुक्तिकी अध्यक्ष रञ्जिता श्रेष्ठ भ्रष्टाचारको आरोपमा मुछिएकी छन् । उनको दलमा परिवारवाद लागू भएको छ । श्रेष्ठका श्रीमान् रेशम चौधरीदेखि उनका ससुरा लालवीर चौधरीको पार्टीमा बोलवाला छ ।

यता मधेस प्रदेशमा जनता समाजवादी पार्टीलाई टक्कर दिनेगरी उदायको हर्न छापवाला जनमत पार्टी पनि अहिले सत्ताको स्वादमा डुबेको छ । सिके राउत नेतृत्वको जनमतले मधेस प्रदेशको मुख्यमन्त्रीदेखि संघको मन्त्रीसम्मको स्वाद चाखिसकेको छ । तर, यही दल अहिले विवादमा तानिएको छ । आफ्नो पार्टीको समानुपातिक सांसद फिर्ता बोलाउन जोडबल गरेर जनमत विवादमा तानियो ।

वैकल्पिक शक्तिको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सहकारीको बचत रकम अपचलन अभियोगमा थुनामा छन् । उनको दलका कार्यवाहक सभापति डोलप्रसाद अर्याललाई वैदेशिक रोजगारीका क्रममा ठगी गरेको आरोप अरु दलका नेताहरूले लगाउन थालेका छन् । ढाकाकुमार श्रेष्ठले मन्त्री बन्न दुई करोड रूपैयाँ मागेको घुस प्रकरणका कारण सांसद पद नै गुमाएका छन् । मुकुल ढकाललाई महामन्त्रीबाट हटाएर कविन्द्र बुर्लाकोटीलाई महामन्त्री बनाएको अवस्था छ । यो मुद्दा निर्वाचन आयोगबाट किनारा लाग्न सकेको छैन । मन्त्री बनिसकेकी सुमना श्रेष्ठले असन्तुष्टि जनाउँदै सहमहामन्त्री पदबाट राजीनामा दिइसकेकी छन् ।

यसरी वैकल्पिक शक्तिका रूपमा उदाएका दलका नेताहरू छिन्नभिन्न हुन थालेका छन् । वैकल्पिक दललाई जनताले साथ दिइरहँदा यी दलका नेताहरू भने आपसी मनमुटावमा लागिसकेका छन् । जुन दलबाट विकास सम्भव छैन भनेर बुलन्द आवाज निकालेर प्रतिनिधिसभामा आइपुग्यो, यी दलहरू उनै पुराना दलको पिछालग्गु भएका छन् । पुरानै दलको सिको गर्दै विवाद र भ्रष्टाचारमा मुछिएका छन् । वैकल्पिक भनिएका दलमा पनि पुरानै रोग सल्किएको छ । जनताले विश्वास गर्ने गरी यी वैकल्पिक दल सुध्रिएलान् त ? यो आजको गम्भीर प्रश्न बनेको छ ।

## श्रम सरोकार

### आप्रवासी कामदारका लागि अन्तर्राष्ट्रिय कानुनका केही प्रावधान

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, संयुक्त राष्ट्रसंघीय र अन्तराष्ट्रिय श्रम संगठन (आइएलओ)का विभिन्न महासन्धिहरूले आप्रवासी कामदारहरूलाई निम्न अधिकार प्रदान गरेका छन्:

- कामको अधिकार, समान कामका लागि महिला र पुरुषलाई समान ज्यालाको अधिकार
- घुमफिरको स्वतन्त्रता (एक देशबाट अर्को देशमा जान पाउने अधिकार/स्वदेश फर्कन पाउने अधिकार)
- लिंग, जाति, राष्ट्रियता आदिका आधारमा भेदभाव नगरी समानताको अधिकार
- अदालतका काम कारबाहीमा नागरिकसरह समानताको अधिकार, स्वच्छ पुर्पक्षको अधिकार
- कामका सेवा सर्तहरूमा नागरिकसरह समान व्यवहार पाउने अधिकार
- सांस्कृतिक तथा ट्रेड युनियनको अधिकार ।

**नोटः** महासन्धि अनुमोदन नगरेको राष्ट्रमा महासन्धिका व्यवस्थाहरू लागू नहुन सक्छन् । ट्रेड युनियनको अधिकार, बन्द/हडताल गर्नेजस्ता कुरामा सम्बन्धित देशको कानुन नबुझी कदम उठाउँदा धेरै नेपालीले जागिर गुमाएका छन् । यसर्थ अधिकारको प्रयोग गर्दा सम्बन्धित देशको कानुनको पालना गर्नु जरुरी हुने छ ।

#### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरू

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा हेरिरहेका हुन्छन् । त्यसैले होस् पुर्‍याउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदाता मात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।

#### ठगीबाट जोगिने उपायहरू

- एजेन्टको मात्र भर नपरी म्यानपावरसँग सीधा सम्पर्क गर्ने ।
- कुन देश जाने हो ? कति तलबमा जाने हो ? लागत खर्च कति लाग्छ ? कुन म्यानपावरबाट जाँदै छु ? आदि कुराहरू बुझेर जानुपर्छ । लागत खर्च र आम्दानीको बारेमा राम्ररी बुझ्नुपर्दछ ।

# चीनको समृद्धिबाट बढीभन्दा बढी लाभ लिन भइरहेको पहल



■ डा. कृष्णप्रसाद ओली

चीन नेपालको घनिष्ठ एवं असल छिमेकी तथा नेपालको एक महत्त्वपूर्ण विकास साझेदार मुलुक हो । नेपाल-चीन मित्रताको आधारस्तम्भका रूपमा शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तहरू रहेका छन् । चीन नेपालको एक प्रमुख व्यापारिक साझेदार, वैदेशिक लगानी तथा पर्यटनका लागि स्रोत मुलुक पनि हो । चीनले बिआरआई फ्रेमवर्कअन्तर्गत नेपाललाई ऊर्जा, सडक, रेलजस्ता भौतिक पूर्वाधारका क्षेत्रलगायत नेपालको आर्थिक सामाजिक क्षेत्रमा सहयोग गर्दै आएको छ । चीनले गरेको अभूतपूर्व प्रगतिमा नेपालले गर्व गर्दछ र मैत्रीपूर्ण छिमेकी भएको नाताले चीनको आर्थिक समृद्धिको लाभ लिन चाहन्छ । नेपालको प्राथमिकताका क्षेत्रमा रहेका राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजनाहरू जस्तैः अन्तरदेशीय रेलमार्ग, आधुनिक पूर्वाधार, सामजिक र आर्थिक विकास, 'इकोसिस्टम' संरक्षण र सुशासनमा सफल सहकार्यको कार्यान्वयनमार्फत दुई देशबीचको सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउन सकिनेमा म विश्वस्त छु ।

नेपाल र चीन सदियौंदेखि भूगोल, संस्कृति एवं परम्पराहरूले घनिष्ठरूपमा जोडिएका छन् । सन् १९५५ अगस्टमा कूटनीतिक सम्बन्ध कायम भएदेखि यो सम्बन्ध अझ घनिभूत हुँदै गएको छ । हाम्रो सम्बन्धको जग धेरै मजबुत एवं अटल छ । नेपाल-चीन मित्रताको आधारस्तम्भका रूपमा शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तहरू रहेका छन् । नेपालले निरन्तररूपमा एक चीन नीति अवलम्बन गर्दै आएको छ र चीनविरुद्ध कुनै पनि गतिविधिका लागि आफ्नो भूमि प्रयोग गर्न नदिने प्रतिबद्धता जनाएको छ ।

ताइवान तथा तिब्बत चीनको अभिन्न अंग रहेकामा नेपाल स्पष्ट छ । चीनले पनि नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता तथा राजनीतिक स्वतन्त्रताको सम्मान गर्दै आएको छ । यस वर्ष चीन र नेपालबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वार्षिकोत्सव हो । यस अवधिमा चीन र नेपालबीचको परम्परागत मित्रता निरन्तर सुदृढ हुँदै आएको छ र मैत्रीपूर्ण सहयोग निरन्तर गहिरो हुँदै आएको छ ।

चिनियाँ राष्ट्रपति महामहिम सी चिनफिङको अक्टोबर २०१९ मा भएको नेपालको राजकीय भ्रमणको अवसरमा द्विपक्षीय सम्बन्धलाई विकास र समृद्धिउन्मुख मैत्रीपूर्ण रणनीतिक सहयोगी साझेदारी सम्बन्धमा स्तरोन्नति भएको थियो । हालैका केही वर्षमा दुई देशबीच विभिन्न स्तरमा भ्रमणहरूको आदानप्रदान तथा द्विपक्षीय सहयोगमा बढोत्तरी भएको छ भने दुई देशबीच महत्त्वपूर्ण सम्झौतासमेत सम्पन्न भएका छन् । गत वर्ष डिसेम्बरमा सम्पन्न प्रधानमन्त्रीको भ्रमण र उक्त अवसरमा हस्ताक्षर भएका सम्झौताहरूले नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउन भूमिका खेलेको छ । ती सम्झौताहरूको कार्यान्वयनको सुरुआत भएको छ र मेरो विचारमा दुवै देशको सम्बन्ध अत्यन्तै सुमधुर र प्रगाढ बनेको छ ।

चीन नेपालको एक प्रमुख लगानीको स्रोत मुलुक रहँदै आएको छ । विश्वकै दोस्रो ठूलो अर्थतन्त्र चीनबाट नेपालमा लगानीका लागि प्रशस्त अवसरहरू रहेका छन् । चीनबाट नेपालका प्राथमिकताका विभिन्न क्षेत्रमा लगानीका लागि म राजदूत भएदेखि प्रयास गरिरहेको छु । यहाँको परराष्ट्र मन्त्रालय, वाणिज्य मन्त्रालय तथा अन्य सम्बन्धित निकायमा भेट गरी उक्त विषयलाई प्राथमिकताका साथ राखेको छु । विभिन्न समयमा आयोजना हुने प्रदर्शनी तथा मेलाका कार्यक्रममा एवं चिनियाँ लगानीकर्तासँग छुट्टाछुट्टै भेटघाट गरी लगानीका लागि आग्रह गरेको छु । चीनमा रहेका अन्तर्राष्ट्रिय व्यापार तथा लगानीसँग सम्बन्धित निकाय चाइना काउन्सिल फर द प्रोमोसन अफ इन्टरनेसनल ट्रेड (सिसिपिआइटी), चाइना ओभससिज डेभलपमेन्ट एसोसिएसन (सिओडिए)लगायतका संस्थासँग समन्वय गरी नेपाली राजदूतावासले नियमितरूपमा लगानी प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरू आयोजना गर्दै आइरहेको छ । लगानीकर्तासँगको सहकार्यमा चिनियाँ कम्पनीहरूलाई नेपालको लगानीसम्बन्धी हालका कानुनी व्यवस्थाहरूका बारेमा जानकारी दिलाउनुका साथै लगानीकर्ताको नेपाल भ्रमण गराउने कार्य भएको छ ।

सन् २०१७ मा बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) सम्झौतामा हस्ताक्षर भएपछि सन् २०१८ मा ट्रान्स हिमालयन मल्टिडाइमेनसनल कनेक्टिभिटी नेटवर्कअन्तर्गत पूर्वाधार क्षेत्रमा सहकार्यका लागि संयन्त्र तयार गरिएको हो जसअन्तर्गत सीमापार रेल, राजमार्ग, बन्दरगाह, टेलिकम्युनिकेसन तथा हवाई कनेक्टिभिटीहरू पर्दछन् । यस संयन्त्रअन्तर्गत कार्यान्वयनको तहमा सहमति गर्नलाई मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भइसकेको छ र छिट्टै नै कार्यान्वयनको तहमा जाने छ । केरुङ-काठमाडौं सीमापार रेलवेको सम्भाव्यता अध्ययन सकिने छ र आशा छ यो परियोजनाले साकार रूप लिने छ ।

उक्त मितिसम्ममा सिजाङको सिगात्सेसम्म चीन सरकारले रेल सञ्जाल पुर्‍याइसक्ने सम्भावना छ । सोहीअन्तर्गत चीन सरकारको सहयोगमा केरुङ रसुवागढी चिलिमे २२० केभी सीमापार ट्रान्समिसन लाइनको सम्भाव्यता अध्ययनका लागि कामहरू पनि अगाडि बढेका छन् । त्यस्तै राजमार्ग विस्तार तथा स्तरोन्नतिको कामहरू पनि भई नै रहेका छन् । टोखा-छहरे सुरुङमार्ग निर्माणका लागि पूर्वसम्भाव्यता अध्ययन सम्पन्न भई सम्भाव्यता अध्ययन गर्ने कार्य सुरु भएको छ ।

विश्व तापक्रमको वृद्धिसँगै हाम्रा हिमालहरू पग्लिनुका साथै जलवायु परिवर्तनको अहम् प्रभाव हामीजस्तो पहाडी मुलुकमा पर्न लागेको छ । उदाहरणका लागि, यही जुलाई ८ को रसुवागढीको प्राकृतिक प्रकोपलाई हेरौं । रसुवागढी मुख्य नाका केरुङ र चीनको स्वशासित क्षेत्र सिजाङ जोड्ने मितेरी पुल र सोका आसपासका सम्पूर्ण संरचनाहरू बाढीले बगाएको छ । त्यो वर्षाका कारणबाट मात्रभन्दा पनि अन्य कारणले भएको हुनसक्छ । उच्च भागमा रहेका हिमतालहरू विष्फोट भएमा तल्लोतटीय भागमा भयंकर प्रलयकारी घटना हुन जान्छ ।

तसर्थ, भविष्यमा बन्ने पूर्वाधारहरू अन्तर ाष्ट्रिय राजमार्ग र रेल्वे लाइनहरू यस्ता अप्रिय घटनाहरूबाट नबिग्रने आइसोलेटेड खालका बनाउन र सुरुङ प्रविधिको बढी उपयोग गर्नुपर्नेमा मेरो जोड हुने छ । प्राकृतिक प्रकोपका घटनाहरूबाट विनाश भएका संरचना र पुनर्निर्माणमा नेपालले कूल गार्हस्थ उत्पादनको करिब तीनदेखि पाँच प्रतिशत बर्सेनि खर्च गर्नुपर्दछ । यस्तो किसिमको खर्च बढ्दै गएको अवस्थामा नेपालले धान्न गाह्रो पर्ने हुँदा यसलाई कम गर्न विपद् सूचना प्रणालीको विकासका लागि चीनसँग समन्वय र सहकार्य गर्नुपर्दछ ।

पूर्वाधार परियोजनाहरू निर्माण कार्य विभिन्न सरोकारवाला निकायहरूसँग विभिन्न चरणमा समन्वय गर्नुपर्ने र स्वभावतः समय लाग्ने प्रकृतिका हुन्छन् । यसका साथै जग्गा अधिग्रहण, वनसम्बन्धी विषयहरूले नेपालमा धेरै आयोजना कार्यान्वयनमा लामो समय लाग्ने गरेको छ । यसका बाबजुद नेपाल र चीन दुवै पक्षले कार्यान्वयनको विषयलाई तदारुकताका साथ अगाडि बढाउनुपर्ने देखिन्छ । गत महिना काठमाडौंमा नेपालको परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय तथा अन्य सरोकारवाला मन्त्रालयहरू एवं चिनियाँ राजदूतावासबीच नेपाल-चीन सहयोगअन्तर्गतका आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने नेपालमा नेपाल-चीन सहयोग कार्यक्रम र परियोजनाको कार्यान्वयनमा सहजीकरणका लागि संयन्त्रको बैठक बसेको थियो । मैले बेइजिङ आएदेखि यसअघि सम्पन्न सम्झौताअनुसार कार्यान्वयन हुन बाँकी रहेका आयोजनाको कार्यान्वयनका लागि पहल गरिरहेको छु ।

नेपालको चीनसँगको व्यापार घाटा ठूलो रहेको छ । चीनसँग बढ्दै गएको व्यापार घाटा कम गर्न चीनमा नेपाली वस्तुहरूको व्यापार सहजीकरण, नेपालको उत्पादन क्षमता अभिवृद्धि, रुल अफ ओरिजिन प्रक्रियामा सरलीकरण तथा नेपाली वस्तुहरूलाई भन्सार छुटका लागि चीन सरकारसँग आग्रह गरिँदै आएको छ । चीनले अतिकम विकसित देशहरूले पाउने छुटअन्तर्गत आठ हजारभन्दा बढी नेपाली वस्तुहरूमा छुट दिँदै आएको छ ।

नेपालले हाल निर्यात गरिरहेका परम्परागत वस्तुहरूबाहेक चीनमा निर्यात सम्भावना भएका दुग्धजन्य वस्तुहरू, जुनार, भैँसीको मासु, पराल आदि चीनमा निर्यातका लागि हालैका केही वर्षहरूमा सम्झौताहरू भएका छन् । ती सम्झौता सम्पन्न भएपश्चात् पनि निर्यातका लागि विभिन्न प्रक्रियाहरू पूरा गर्नुपर्ने हुन्छ । म यहाँ आएदेखि नै यहाँको भन्सार प्रशासनसँग उक्त प्रक्रिया यथाशीघ्र टुंग्याउन निरन्तर पहल गरिहेको छु र यसमा ठोस प्रगति पनि भएको छ । नेपालको कृषि उत्पादकत्व वृद्धिका लागि मल तथा उन्नत बीउविजन र प्रविधिको सहयोग, निर्यात गरिने वस्तुहरूको परीक्षणका लागि बहुउपयोगी प्रयोगशालाको स्थापनालगायतका लागि चिनियाँ कृषि मन्त्रालयसँग अनुरोध गरिरहेको छु । कृषिसम्बन्धी द्विपक्षीय बैठकका लागि तयारी भइरहेको छ । त्यसैगरी चीनमा आयोजना हुने व्यापार मेलाहरूमा नेपाली व्यापारीहरूको अधिकतम् सहभागिता तथा दुवै देशका व्यवसायी व्यवसायीबीचको सम्बन्ध र सम्पर्क अभिवृद्धिका लागि पहल गरिरहेको छु ।

चीनबाट हाल करिब एक लाखजति पर्यटकले नेपालको भ्रमण गरेको देखिन्छ । करिब डेढ अर्ब जनसंख्या भएको चीनबाट पर्यटक संख्या वृद्धिका सम्भावनाहरू छन् । चिनियाँ पर्यटकहरूको लागि आजको समयमा सामाजिक सञ्जाल तथा सूचना प्रविधिको प्रयोग गरी युवालाई आकर्षित गर्न सकिन्छ भने चिनियाँहरूको आम्दानीको स्तर वृद्धिसँगै उनीहरूका लागि आरामदायी एवं उच्चस्तरका होटल एवं सोहीअनुसारका सुविधाहरू दिनसके संख्या अझ वृद्धि गर्न सकिन्छ । राजदूतावासले सीमित स्रोतसाधनका बाबजुद चीनमा विभिन्न पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरू आयोजना गर्ने, पर्यटन मेलामा भाग लिने कार्य गरिहरेको छ । आगामी आर्थिक वर्षमा नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा स्थानीय टेलिभिजन तथा सामाजिक संजालहरूमार्फत नेपालको पर्यटनका बारेमा थप प्रचारप्रसार गर्ने कार्यक्रम रहेको छ । नेपालमा चिनियाँ पर्यटकहरूलाई आकर्षित गर्ने उद्देश्यले नेपालका सातवटै प्रदेशका आधुनिक र परम्परागत खानाका परिकारहरू तयार पारी चिनियाँ मित्रहरूलाई भोजनको स्वाद लिन र पर्यटन प्रवर्द्धनमा भएका प्रयासहरूको जानकारी गराउनुका साथै साहसिक पर्यटनमा विश्वको शिखर सगरमाथा आरोहीहरूको भेला गरी पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने कार्य गरिएको छ ।

राजदूतावासले नेपाली व्यवसायी चाहे चीनमा बसेर व्यवसाय गरेका अथवा नेपालबाट चीनमा व्यापार गरिरहेका सबैलाई सहजीकरण गरिरहेको छ । उहाँहरूका लागि विभिन्न मेला तथा प्रदर्शनीमा भाग लिन प्रोत्साहन र सहयोग गर्ने तथा व्यापारिक ठगी तथा विवादका विषयलाई समाधान गर्न सहयोग गर्दै आइरहेको छ । केही समययता विशेषगरी चीनबाट नेपालमा आयात गरिने कारोबारमा ठगीका घटनाहरू बढ्दै गएका सन्दर्भमा आफूले कारोबार गर्दा चिनियाँ पक्ष विश्वासिलो भए नभएको विश्वस्त भएरमात्र कारोबार गर्नुहुन म यहाँमार्फत चीनमा व्यापारिक कारोबार गर्नुहुने व्यावसायी मित्रहरूलाई अनुरोध गर्न चाहन्छु । चीनमा अध्ययनरत नेपाली विद्यार्थीहरूलाई यहाँका विश्वविद्यालयसँग परेका एवं अन्य समस्यामा राजदूतावासले सक्दो सहयोग गर्दै आएको छ । बेलाबखत पर्यटक भिसामा चीन आएर समस्यामा परेका नेपालीलाई राजदूतावासले सहजीकरण गर्दछ । कहिलेकाहीँ चीनलाई 'ट्रान्जिट' बनाएर तेस्रो मुलुकमा मानव तस्करीका केही घटनाहरूमा हामीले उद्धार गर्दै आएका छौं ।

हालैका वर्षमा चीन नेपाली विद्यार्थीहरूका लागि एक आकर्षक गन्तव्य बन्दै गएको छ । केही विद्यार्थी चीन सरकारले प्रदान गर्ने छात्रवृत्तिअन्तर्गत अध्ययन गरिरहेका छन् भने केही विश्वविद्यालयले प्रदान गर्ने छात्रवृत्तिमा र केही आफ्नै खर्चमा अध्ययन गरिरहेका छन् । विश्वभरिका सर्वोत्कृष्ट भनेर चिनिएका केही उच्चकोटीका विश्वविद्यालयहरू चीनमा रहेका छन् । अन्य देशहरूभन्दा कम खर्चमा गुणस्तरीय शिक्षा प्राप्त हुने भएकाले नेपाली विद्यार्थीहरूको लागि चीनमा राम्रो अवसर रहेको छ ।

नेपाल र चीनबीच ऐतिहासिककालदेखि नै भाषा संस्कृतिको आदानप्रदान भइरहेको छ । नेपाली कलाकार अरनिको नेपाली राजकुमारी भृकुटी अथवा बुद्ध भिक्षुहरूमार्फत दुई देशबीच निकट सांस्कृतिक सम्बन्ध र आदानप्रदान रहेको थियो । गत महिना जुन महिनामा अरनिकाले निर्माण गरेको श्वेत चैत्यमा नेपाली संस्कृति झल्किने प्रदर्शनीको उद्घाटन गरिएको थियो । यसैवर्ष अप्रिल महिनामा राजदूतावासले नेपाली खानाको प्रचार-प्रसारका लागि 'फुड फेस्टिभल'को आयोजना गरेको थियो जसमा नेपाली मौलिक नृत्यहरूसमेत प्रस्तुत गरियो । त य सै ग री, राजदूतावासले नेपालका विभिन्न चाडपर्वहरूको अवसरमा कार्यक्रमरु आयोजना गर्ने तथा नेपाली वेषभूषा, मौलिक कला संस्कृति झल्किने वस्तुहरूको प्रदर्शनी एवं कलासंगीतको प्रस्तुति गर्ने गरेको छ । चिनियाँ सरकारसँग नेपालमा चिनियाँ भाषा प्रवर्द्धनका लागि सहयोग कार्य अगाडि बढेको छ ।

नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्ध अत्यन्तै घनिष्ठ रहेको छ । समय समयमा दुवै पक्षबाट भइरहेका उच्चस्तरीय भ्रमण र उच्च तहका नेताहरूबीच हुने प्रत्यक्ष संवादले आपसी विश्वास र सद्भाव अझ वृद्धि भएको छ । चिनियाँ सहयोगलाई जनस्तरमा प्रभाव पर्ने र निम्नस्तरका जनताको जीवनस्तर माथि उठाउने परियोजनामा लैजान र तिनको प्रभावकारी कार्यान्वयनका लागि प्रयास गरिरहेको छु । अवश्य पनि चीनको समृद्धिबाट नेपालले बढीभन्दा बढी लाभ लिनेगरी द्विपक्षीय सहयोग अभिवृद्धि गर्ने र हाल कार्यान्वयनको चरणमा रहेका आयोजनालाई समयमै सम्पन्न गर्नका लागि नेपाल र चीन दुवै देशका सरकारसँग निरन्तर पहल गरिरहेको छु ।

साथै, दुवै देशका जनताहरूसँगको आदानप्रदान कार्य गर्न पालिकास्तरका जनप्रतिनिधिहरूको भ्रमण, नेपाली र चिनियाँ युवाहरूबीच भ्रमण आदानप्रदान, नेपाली र चिनियाँ विद्यालयका विद्यार्थीबीच भ्रमणको आदानप्रदानलगायत राष्ट्रिय राजनीतिमा उच्च ओहोदामा पुगी सेवा निवृत्त नागरिकहरूको भ्रमण आदानप्रदान रहेका छन् । यस्ता भ्रमणहरूले एकअर्काका समस्या, चुनौती र अवसरहरू बुझ्ने र सोहीअनुसार कार्य गर्ने बाटो देखाउने अपेक्षा गरिएको छ । दुवै देशमा भएका आर्थिक र सामाजिक विकाससम्बन्धी कुराहरूलाई जनसमक्ष पुर्‍याउन पत्रकारहरूको आदानप्रदानलाई पनि जोड दिइएको छ । हाम्रा नेपाली उत्पादनहरूको प्रचारप्रसारका लागि विभिन्न चिनियाँ र नेपाली कम्पनीहरूबीच समन्वयमा मेलाको आयोजना गरिएका छन् । उदाहरणका लागि 'टि टेस्टिङ फेस्टिबल' को आयोजना गरी नेपालमा उत्पादित विभिन्न खालका चियाको स्वाद चखाउने कार्य गरिएको थियो । आज विश्व जलवायु परिवर्तनको प्रभावको चपेटामा परेको छ । सो प्रभावलाई कम गर्न, जागरुकता जगाउन विभिन्न गोष्ठी, सेमिनार गरी विभिन्न देशका कूटनीतिक नियोग समेतको सहभागितामा विभिन्न कार्यक्रमहरूमा जोड दिइएको छ । यसैगरी द्रुतगतिमा हाम्रा हिमाल पग्लिँदै गएको परिप्रेक्षमा चिनियाँ संघसंस्थासँग समन्वय गरी शोध प्रक्रिया अगाडि बढाइएको छ ।

*(डा.ओली चीनका लागि नेपालका राजदूत हुन् । राससले गत महिना गरेको कुराकानीका क्रममा उनले व्यक्त गरेको विचार)*

> चीन नेपालको एक प्रमुख लगानीको स्रोत मुलुक रहँदै आएको छ । विश्वकै दोस्रो ठूलो अर्थतन्त्र चीनबाट नेपालमा लगानीका लागि प्रशस्त अवसरहरू रहेका छन् । चीनबाट नेपालका प्राथमिकताका विभिन्न क्षेत्रमा लगानीका लागि म राजदूत भएदेखि प्रयास गरिरहेको छु । यहाँको परराष्ट्र मन्त्रालय, वाणिज्य मन्त्रालय तथा अन्य सम्बन्धित निकायमा भेट गरी उक्त विषयलाई प्राथमिकताका साथ राखेको छु । विभिन्न समयमा आयोजना हुने प्रदर्शनी तथा मेलाका कार्यक्रममा एवं चिनियाँ लगानीकर्तासँग छुट्टाछुट्टै भेटघाट गरी लगानीका लागि आग्रह गरेको छु ।



मल लिन किसानको भीड | बाँकेको खजुरास्थित सहकारी संस्थाको कार्यालयमा बुधबार मल लिन पुगेका किसानको भीड । *तस्बिर: राकेशकुमार मिश्र/रासस*

# राप्ती नदीमा बनाइयो आपत्कालीन तटबन्ध

**नेपालगञ्ज (प्रस)**– बाँकेको राप्तीसोनारी गाउँपालिका-७ खल्ला झगडियाका स्थानीय राप्ती नदीमा आपत्कालीन तटबन्ध निर्माण गरिएको छ। जिल्लामा राप्ती नदीको बाढीबाट बस्ती जोगाउन 'बेम्बोपाइलिङ र आरसिसी प्रकुपाइन' प्रविधिबाट आपत्कालीन तटबन्ध निर्माण गरिएको हो ।

पछि उनीहरूमा खुसीको सीमा नै रहेको छैन । 'तटबन्ध निर्माण भएसँगै बाढीको जोखिम बढेको छ, अब ढुक्कसँग बस्न पाउनेमा विश्वास लागेको छ,' राप्तीसोनारी गाउँपालिका-७ का वडाध्यक्ष रामलखन थारुले भने । उनले जनताको तटबन्ध कार्यालयअन्तर्गत लिइएको पहल र तत्परताको प्रशंसा गर्दै यस वर्ष वर्षामा बस्ती जोगिने धारणा राखे ।

वर्षा सकिएपछि स्थायी तटबन्धको प्रावधान रहेको उल्लेख गर्दै वडाध्यक्ष थारुले तटबन्धपछि स्थानीय निकै खुसी भएका बताए। तीन वर्षअघि आधा भत्किएको तटबन्ध ठूलो बाढी आउनेबित्तिकै पूरै भत्केर आधा दर्जन गाउँ डुब्ने खतरा थियो । वि.सं. २०७१ को बाढीपछि राप्ती नदीले धार परिवर्तन गरेपछि खल्ला झगडियालगायत दर्जनौं गाउँ डुबानको जोखिममा पर्दै आएका थिए । यस वर्ष जनताको तटबन्ध कार्यालयले जेठ अन्तिमदेखि आपत्कालीन तटबन्ध निर्माण गरेपछि स्थानीयवासी बाढीको त्रासबाट मुक्त भएका छन् । छ करोड ५० लाख रूपैयाँ लागतमा पक्की तटबन्ध निर्माण गर्ने ठेक्काअनुसार बस्तीलाई डुबानबाट जोगाउन पहल थालिएको जनताको तटबन्ध कार्यालय लमही (दाङ)ले जनाएको छ ।



कार्यालय प्रमुख डा. नारायणप्रसाद सुवेदीले खल्ला झगडिया र जरैयामा आपत्कालीन तटबन्ध बनाएर यस वर्ष डुबानबाट हुनसक्ने जोखिम न्यूनीकरणको पहल थालिएको उल्लेख गर्दै वर्षापछि स्थायी तटबन्ध निर्माण प्रक्रिया सुरु हुने जानकारी दिए । उनले यस्तो प्रविधि पूर्वी नेपाल र पश्चिम राप्ती नदीमा पनि प्रयोग गरिएको भन्दै यो प्रविधिमा खर्च पनि कटौती हुने बताए ।

'हामीले 'बेम्बोपाइलिङ र कंक्रिट प्रकुपाइन'लाई एकीकृत रूपमा प्रयोग गरेका छौं,' डा. सुवेदीले भने। अनुसन्धानका लागि पनि तटबन्ध निर्माणका क्रममा नयाँ अभ्यास भएको जानकारी दिँदै उनले आफूहरूसँग सिकेर भारतलेसमेत यस्तो प्रविधिबाट तटबन्ध बनाएको उल्लेख गरे । उनका अनुसार आपत्कालीन तटबन्धमा बाँस, बालुवा भरिएका प्लास्टिकका बोरा, जाली र सिमेन्टको पोल प्रयोग गरिएको छ ।

स्थानीयवासी दुर्गा पाण्डेले आपत्कालीन तटबन्ध बनेकाले वर्षामा गाउँ डुबानमा नपर्ने विश्वास बढेको बताए । खल्ला झगडियामा निर्माण भएको तटबन्धका कारण देउपुरा, पिप्रहवा, नरैनापुर गाउँपालिका-६ को सोनवर्षा, कुदरवेटवा, गंगापुर, भगवानपुर र वडा नम्बर ५ को नवाजीगाउँ, भोजपुर तथा डुडुवा गाउँपालिका-१ को कुडवागाउँ लाभान्वित हुने छन् ।

# बर्खामा पनि ढोरपाटनमा पर्यटक भरिभराउ

**गलकोट (बागलुङ)**– बागलुङको पर्यटकीय गन्तव्य ढोरपाटनमा पर्यटक बढेपछि गोठालाको आय आर्जनमा वृद्धि भएको छ। ढोरपाटन पुगेका केही पर्यटक पदमार्गमार्फत बुकीपाटन पुग्ने गरेका छन् ।



बुकी पुग्ने पर्यटकका लागि खान बस्नमा सघाउँदै आएका गोठालाको आम्दानी बढ्दै आएको छ। पदमार्ग आसपास र बुकीपानमा चिया नास्ताका लागि स्थानीय उत्पादन खपत हुने गरेको छ । बुकीपाटन पुगेका पर्यटकहरू गोठमै बस्ने र खाने गर्दा भैंसीको दूध, घिउ तथा भेडाको मासु गोठमै खपत हुन थालेको हो ।

गोठालाले उत्पादन गरेको दूध, दही र महीसमेत बुकीपाटनमै खपत भएपछि आयआर्जनमा वृद्धि भएको गोठालाहरू बताउँछन् । उनीहरूले पर्यटकलाई भैंसीको दूधसँगै दूधबाट बन्ने खिर, चिया, मही तथा दही खुवाएर आम्दानी गर्न थालेका छन्। भैंसी पालेर घिउ उत्पादन गरेर बिक्री गर्दै आएका बुकीपाटनका भैंसी गोठाला ७२ वर्षीय देवबहादुर विकले चरीचरनका रूपमा रहेको बुकीपाटन पर्यटकीय गन्तव्य बनेपछि गोठमै पैसा आउन थालेको बताए ।

'पहिला त ढोरपाटन ल्याएर घिउ बिक्री गरिन्थ्यो, मही त फालिन्थ्यो, अहिले बर्खामा पर्यटक भरिभराउ छन् बुकीपाटनमा पर्यटकहरू आएपछि महीसमेत बिक्री हुन्छ,' उनले भने, 'पर्यटक बढेपछि यही गोठमासमेत बस्न आउँछन्, भैंसीको दूधको खिर पकाएर पर्यटकलाई खुवाइन्छ, गोठमै दूध, मही बिक्री भएपछि बोकेर ढोरपाटन ल्याउनैपर्ने भएन ।'

बुकीपाटन उक्लनले बीच बाटोको चेप्टेढुंगामा गोठबाटै चिया बिक्री गरेर राम्रो आम्दानी गरेको गुमानसिंह कुमाइले बताए । बुकी उक्लनेलाई प्रतिगिलास १०० रूपैयाँमा चिया बिक्री गर्दै आएको उनको भनाइ छ । दूधको चिया खपत भएपछि घिउ र दही बनाउने झण्झट नभएको कुमाइको भनाइ छ ।

उनको गोठमा एकै दिन १०० गिलाससम्म चिया खपत भएको छ। तीनवटा भैंसी र ६० वटा बाख्रा पाल्दै आएका कुमाइको चेप्टेढुंगामा अस्थायी घुम्ती गोठ रहेको छ । पदयात्राको छेउमै गोठ भएकाले दूध र चिया असारयता निकै खपत भएको उनको भनाइ छ ।

'बुकीमा चरेका भैंसीको दूधको चिया पदयात्रीले निकै मिठो मानेर खाने गरेका छन्, दूधबाट चिया बनाउन थालेपछि यो सिजनमा घिउ बनाउन आवश्यक छैन,' कुमाइले भने, 'पर्यटकका कारण गोठमै पैसा आएको छ, पहिला-पहिला खेर जाने महीसमेत अहिले महँगो मूल्यमा बिक्री हुन्छ, घण्टौं हिँडेका पदयात्रीले मिठो मानेर मोही, दही, चिया खाने गरेका छन् ।' ढोरपाटनमा एक वर्षमै आठ हजारले पर्यटक वृद्धि भएपछि बुकीपाटन यसपटक गुल्जार बनेको छ ।

ढोरपाटनको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकी र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण पर्यटकको संख्या बर्सेनि बढ्दै गएपछि घोडा सफारी गर्ने, घरबासमा बस्ने र गोठमा बस्ने पर्यटकका कारण आय आर्जनमा सघाएको छ। ढोरपाटनमा सिकार खेल्नमात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय सिकार आरक्ष क्षेत्र अवलोकन, ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकी पाटन र जलजलालगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक त्यहाँ आउने गरेका छन् । समुद्री सतहदेखि दुई हजार ९०० मिटरको उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन् । *रासस*

# भरतपुर अस्पतालमा प्रसूति सेवा लिनेको संख्या घट्यो

**चितवन (प्रस)**– भरतपुर अस्पतालमा सेवा लिनेको संख्या क्रमशः घट्दो क्रममा रहेको छ। काठमाडौंको परोपकार प्रसूतिगृहपछि सबैभन्दा बढी प्रसूति सेवा दिने सो अस्पतालमा कुनै बेला वार्षिक १६ हजार हाराहारीले सेवा लिएका थिए ।

अस्पतालका प्रसूति तथा स्त्रीरोग विशेषज्ञ एवं विभागीय प्रमुख प्रा.डा. सुनिलमणि पोखरेलले अस्पतालमा गत आव २०८१/८२ मा आठ हजार ३१८ गर्भवतीले प्रसूति सेवा लिएको जानकारी दिए। यसमध्ये चार हजार ३८३ (५२.४५ प्रतिशत)को सामान्य प्रसूति (नर्मल डेलिभरी), तीन हजार ७६७ जना (४५.२८ प्रतिशत)को शल्यक्रिया (सिजेरियन डेलिभरी) र १८८ (२.२६ प्रतिशत)को जटिल प्रसूति भएको थियो। अघिल्लो आव २०८०/८१ मा नौ हजार ३५५ र त्यसअघि आव २०७९/०८० मा ११ हजार ८९४ गर्भवतीले प्रसूति सेवा लिएका थिए ।

डा. पोखरेलले भने, 'केही वर्षअघि वार्षिक १६ हजारसम्मले यहाँ सेवा लिएका थिए । अहिले क्रमशः घट्ने क्रममा गएको छ ।' देशभरकै तथ्यांकमा ३० प्रतिशत हाराहारी घटेको भन्दै उनले बच्चा जन्माउने उमेरका युवायुवती विदेसिएको बताए ।

विगतमा गाउँगाउँ र छिमेकी जिल्लाबाट प्रसूति सेवा लिन आउनेको संख्या धेरै हुने गरेको भन्दै डा. पोखरेलले पछिल्लो समय जिल्ला र नगरहरूमा प्रसूति सेवा विस्तार भएसँगै भरतपुर अस्पतालको चाप घटेको बताए । उनले भने, 'नगर अस्पताल र बर्थिङ सेन्टरमा प्रसूति सेवाको विस्तार भएपछि भरतपुर अस्पतालमा सेवा लिनेको संख्या घट्दै छ ।' निजी अस्पतालमा संख्या बढेर सरकारी अस्पतालमा घटेको नभई स्थानीयस्तरमा नै सेवा पाएकाले यहाँ घटेको उनको भनाइ छ ।

पृष्ठ १ बाट क्रमशः

## वैदेशिक रोजगार...

व्यवसायीहरूले उक्त प्रावधान हटाउन लामो समयदेखि संघर्ष गर्दै आएका थिए । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा निरन्तर लबिइङपश्चात् सय संख्याको प्रावधान खारेज गराउन सफल भएको व्यवसायीहरू बताउँछन् । सय संख्याको प्रावधानका कारण अघिल्लो आर्थिक वर्षमा धेरै व्यवसायीहरूले संस्था नवीकरण नै गर्न सकेका थिएनन् । पछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बाधा अड्काउ फुकाउमार्फत व्यवसायीहरूलाई नवीकरणको बाटो खुलाइदिएको थियो ।

गएको आर्थिक वर्ष २०८१/८२ मा पनि १०० संख्या नपुऱ्याउने म्यानपावरको संख्या ३५४ रहेको छ। संशोधित ऐन प्रमाणीकरण भइनसकेका कारण यी म्यानपावर कम्पनीहरू नवीकरण हुन नसकी निलम्बनको अवस्थामा रहेका छन् । अब पुनः बाधा अड्काउ फुकाउकै बाटोबाट नवीकरण गर्नुपर्ने मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।

२०७५ सालमा तत्कालीन श्रममन्त्री गोकर्ण विष्टले वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित गर्न भन्दै लगातार दुई वर्ष वार्षिक कम्तीमा १०० जना कामदार पठाउन नसक्ने म्यानपावर कम्पनी नवीकरण नगर्ने व्यवस्था ल्याएका थिए। आफूहरूले स्वतन्त्र रूपमा व्यवसाय सञ्चालन गर्न पाउनुपर्ने भन्दै व्यवसायीले भने उक्त प्रावधानको चर्को विरोध गर्दै आएका थिए ।

यस प्रावधानका कारण बन्द हुने अवस्थामा रहेका म्यानपावर व्यवसायीहरूले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँग हारगुहार गर्दै बाधा अड्काउ फुकाउने व्यवस्थाको प्रयोग गरेर इजाजतपत्र जोगाएका थिए । त्यसपछि २०८० असार ३० असार गते तत्कालीन सरकारले सय संख्याको व्यवस्था अव्यावहारिक भएको भन्दै खारेज गर्ने निर्णय गर्दै प्रतिनिधिसभामा विधेयक प्रस्तुत गरेको थियो ।

■■■

## ऐनमा...

ऐनको ५३ मा वैदेशिक रोजगारीमा गएको व्यक्ति कारणवश फर्किनु परेको अवस्थामा म्यानपावर कम्पनीले प्रतिव्यक्ति एक लाख रूपैयाँ जरिवाना तिर्नुपर्ने व्यवस्था थियो। यसलाई संशोधन गरी पीडित कामदार संख्याको आधारमा जनही ५० हजार रूपैयाँका दरले जरिवाना हुने व्यवस्था गरिएको छ ।


**ओमनमा रोजगार** — कम्पनी : Flexible Rubber Factory LLC

पूर्व स्वीकृति मिति : २०८२/04/13 | LT. No. 328104 | चलानी नं.६०२४१९५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic Bag Production Line Labors | 10 | 0 | 100 | ३६,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : uture Unit for Business and Services SPC

पूर्व स्वीकृति मिति : २०८२/04/13 | LT. No. 328023 | चलानी नं.६०२४१९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook General | 2 | 0 | 150 | ५४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dish-washer (Restaurants & Kitchens) | 3 | 0 | 130 | ४६,९७५ | | | | | | | |

कम्पनी : Seven Seas Trading Co. Rec.

पूर्व स्वीकृति मिति : २०८२/04/13 | LT. No. 328024 | चलानी नं.६०२४१९६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook General | 1 | 0 | 150 | ५४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Juice Makers | 1 | 0 | 130 | ४६,९७५ | | | | | | | |
| 3 | Waiter Coffe Shop | 1 | 0 | 140 | ५०,५८५ | | | | | | | |
| 4 | Arabic Coffe Maker | 1 | 0 | 150 | ५४,२०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**River Falls Power Limited**
**रिभर फल्स पावर लिमिटेड**
Kathmandu, Nepal, Tel: +977-5902330, Email: riverfallshydropower@gmail.com
Web. www. riverfallshydro.com.np

**हकप्रद शेयर निष्काशन (Right Share Issue) को लागि शेयरधनी दर्ता पुस्तिका बन्द रहने बारेको सूचना**

(प्रकाशित मिति २०८२ श्रावण १५ गते

यस रिभर फल्स पावर लिमिटेडको हाल कायम चुक्ता पूँजी रु.७०,००,००,०००/- (अक्षरुपी सत्तरी करोड मात्र) बराबरको प्रति शेयर रु. १००/- अंकित दरका ७०,००,०००/- कित्ता साधारण शेयरको १ (एक) बराबर १ (एक) अर्थात विद्यमान १ कित्ता शेयर बराबर १ कित्ता शेयर को अनुपातमा रु. ७०,००,००,०००/- (अक्षरुपी सत्तरी करोड मात्र) बराबरको प्रति शेयर रु. १००/- अंकित दरका ७००००००/- (सत्तरी लाख मात्र) कित्ता हकप्रद शेयर निष्काशन प्रयोजनको लागि मिति २०८२ श्रावण २६ गते १ (एक) दिन दर्ता पुस्तिका बन्द गरिने र सो मिति भन्दा चार दिन अगाडि अर्थात मिति २०८२ श्रावण २२ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोबार भई कायम भएका शेयरधनी हरुले मात्र यस हकप्रद शेयरका लागि दरखास्त दिन पाईने हुँदा सम्बन्धित सबै शेयरधनी तथा शेयर खरिदकर्ताहरुले सोहि अनुसार शेयर नामसारी गर्नुहुन समेत अनुरोध गर्दछौं ।

साथै धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) ले समेत यसै सूचनालाई आधारमानी CM Pool Account मा शेयर नराखी सम्बन्धित खरिदकर्ता शेयरधनीहरुको हितग्राही खातामा शेयर Transfer गरिदिन हुन विनम्र अनुरोध छ। अन्यथा सो को जिम्मेवारी यस कम्पनी/शेयर रजिष्ट्रार/ धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक नहुने व्यहोरा समेत अनुरोध छ ।



**साउदीमा रोजगार** — कम्पनी : ABDULLAH RAKYAN AL HUNTUSHI EST

पूर्व स्वीकृति मिति : २०८२/04/14 | LT. No. 328089 | चलानी नं. ६०२४१९२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Small Car Driver | 1 | 0 | 1800 | ६६,६७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD
Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com



**कतार/ओमनमा रोजगार** — कम्पनी : A AND H LLC

पूर्व स्वीकृति मिति : २०८२/04/13 | LT. No. 327986 | चलानी नं. ६०२४१८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesperson (Male) | 5 | 0 | 1300 | ४९,६११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Store Keepers | 2 | 0 | 1900 | ७२,५०८ | | | | | | | |
| 3 | Supervisor | 0 | 5 | 3000 | ११,४४८६ | | | | | | | |

कम्पनी : ALAM AL JADEED COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/13 | LT. No. 328068 | चलानी नं. ६०२४१९३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Merchandise Pricing | 8 | 0 | 130 | ४६,९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL PLACEMENT AGENCY PVT. LTD.
Govt. License 290/059/60
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999
Mobile No. 9851002903, Email : info@npajobs.com, Web : www.npajobs.com



**साउदी/मलेसियामा रोजगार** — कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO.,LTD — शेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८२/04/14 | LT. No. 328114 | चलानी नं. ६०२४१९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker | 70 | 0 | 1200 | ४४,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GCH RETAIL SDN BHD — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/04/14 | LT. No. 328096 | चलानी नं.६०२४१९५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 150 | 0 | 1700 | ५६,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CARING PHARMACY RETAIL MANAGEMENT SDN BHD — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/04/14 | LT. No. 328097 | चलानी नं.६०२४१९५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 50 | 0 | 1700 | ५६,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd.
श्रम इजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## देवी र मिनाको 'किन आउँछ पापी तीज' सार्वजनिक

गायिका देवी हमाल र मिना रिसालको स्वर रहेको मौलिक तीज गीत 'किन आउँछ पापी तीज' सार्वजनिक गरिएको छ । दुई दशकभन्दा बढी समयदेखि नेपाली गीतसंगीतमा समर्पित हमालकै शब्द, सङ्गीत गीतमा छ । भिडियोको निर्देशन संचारकर्मी सुमनकुमार श्रेष्ठले गरेका हुन् । भिडियोमा सञ्चिता शाही ठकुरी, मनोज विश्वकर्मा, चक्रबहादुर हमाल ठकुरी, तारादेवी ठकुरी, लक्ष्मी केसी, रानु खाँड, चेतनशील महिला विकास समूहका कलाकारहरूको अभिनय छ ।





# 'मिस्टर नेपाल २०२५' को खोजी सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं**– 'मिस्टर नेपाल २०२५' को खोजी सुरु भएको छ । आयोजक नेक्स्ट मोडल्स नेपालले प्रतियोगिताका लागि इटहरी, जनकपुर, हेटौंडा, चितवन, भैरहवा, धनगढी, पोखरा, नेपालगन्ज काठमाडौंलगायत स्थानमा छनौट चरणको अडिसन सम्पन्न गरिसकेको छ ।

छनोट चरणमा सहभागी हुन चाहनेलाई अन्तिम अवसर स्वरूप डिजिटल अडिसन आगामी २ अगस्टमा स्वदेश र अन्तर्राष्ट्रिय अडिसन ३ अगस्टमा अमेरिकामा राखेको छ। प्रतियोगिताको अमेरिका निर्देशक सन्दीप पोखरेल रहेका छन्। डिजिटल अडिसनपछि छानिएका प्रतियोगी आयोजकले सार्वजनिक गर्दै अन्तिम चरणको प्रतियोगिताका लागि अगष्ट ४ देखि विभिन्न प्रशिक्षणमा सहभागी गराउनेछ।

यसपटक पनि नेक्स्ट मोडल्सले १८ वर्षदेखि ३२ वर्ष ननाघेका युवाहरूले प्रतियोगितामा सहभागी जनाउन सक्ने प्रावधान राखेको छ। विश्वका जुनै कुनामा रहेका ५ फिट ७ इन्च माथि उचाइ भएका नेपाली नागरिकले प्रतियोगितामा सहभागी जनाउन सक्नेछन् ।

देशैभरि छरिएर रहेका युवा प्रतिभालाई समेट्ने उद्देश्यले आयोजना हुँदै आएको प्रतियोगिताको अन्तिम तयारी कक्षामा स्वमिङ, फुटबल, रक क्लाइमिङ, समाजसेवा, सर्ट हाइकिङ, क्याटवाक, व्यक्तित्व विकास, पब्लिक स्पिकिङ लगायतका दर्जन बढी विषयको प्रशिक्षण हुनेछ। प्रतियोगितामा नेपालको आन्तरिक पर्यटनको विकासका लागि समेत विभिन्न गतिविधि सञ्चालन हुने आयोजक नेक्स्ट मोडल्स नेपालकी प्रबन्ध निर्देशक यत्ना पाण्डेले जानकारी दिइन् ।

प्रतियोगितामा 'मिस्टर वर्ल्ड नेपाल', 'मिस्टर ग्लोबल नेपाल' र 'म्यान अफ द वर्ल्ड नेपाल' गरेर तीन विजेता छानिनेछ। विजेताले 'मिस्टर वर्ल्ड २०२५' वा 'मिस्टर ग्लोबल २०२५' मा नेपालको प्रतिनिधित्वको अलवा ५ लाख बराबरको पुरस्कार हात पार्नेछन् । प्रतियोगिताको कोरियोग्राफी तथा मेन्टरसिप प्रशान्त ताम्राकार रहेका छन् ।

युवाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागर लगायत नेतृत्वदायी क्षमता विकास गर्ने उद्देश्यले यो प्रतियोगिता २००१ देखि नियमित आयोजना हुँदै आएको यो प्रतियोगिता पुरुषहरू सहभागी हुने नेपालकै ठुलो र प्रतिष्ठित प्रतियोगिता हो। प्रतियोगिता विगतको भन्दा अझ भव्य बनाउन आफू लागि परेको नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले बताए। विगतका वर्षभन्दा पनि यो वर्ष प्रतियोगिता अझै भव्य आयोजना हुने धमलाको भनाइ छ।

# शाहरूख खानको फिल्म 'किङ'को व्यग्र प्रतीक्षा



**मुम्बई** – सन् २०२३ मा शाहरूख खानले धेरै समय फिल्ममा बिताए। पहिले 'पठान', त्यसपछि 'जवान' र अन्त्यमा 'डंकी' ले बक्स अफिसमा धेरै नै राम्रो कमाई गर्न सफल भयो। अहिले पनि उनी त्यही फिल्मबाट चर्चामा रहेका छन् ।

तर, हाल अभिनेता अर्को नयाँ फिल्म 'किङ्ग' मा काम गरिरहेका छन् । उनकी छोरी सुहानाको पनि यो ठूलो फिल्म हो किनभने यससँगै उनले ठुलो पर्दामा पितासँगै डेब्यु गर्न लागेकी छिन् । फिल्मलाई सिद्धार्थ आनन्दले निर्माण गर्दैछन् र टोलीले छायांकन सुरु गरिसकेको छ। यो फिल्ममा धेरै ठूला स्टारहरू देखिने छन् ।

तर, किङ्ग आउनुभन्दा अघि नै धेरै मानिसले यसमा चासो देखाएका छन्, कुनै आधिकारिक घोषणा बिना बुक माई शोमा शोमा शाहरूखका फ्यानहरूको चासो बढेको हो ।

वास्तवमा यो वर्ष शाहरूख खानको कुनै पनि फिल्म रिलिज हुने छैनन। अहिलेका लागि किङ्गले पनि २०२६ साल कुर्नु पर्नेछ किनभने फिल्मको काम पूरा हुन समय लाग्ने छ। तर बुक माई शोमा महिनौं अघि 'किंग'ले रेकर्ड बनाएको छ। जसले बक्स अफिसमा शाहरूखले कहर मच्चाउन लागेको देखिएको छ।

शाहरूख खानको पूरा ध्यान किङ्गमा छ। उनी फेरि पठान जस्तै कमब्याक गर्न तयार छन् । वास्तवमा, बुक माई शोमा किङ्गको बारेमा ठूलो चर्चा परिचर्चा भइरहेको छ ।

यो फिल्ममा १० हजारभन्दा बढीले चासो राखेका छन्, 'आइएम इन्ट्रेस्टेड' बटनमा क्लिक गर्नेहरूले । तर, यो आँकडा एक दिनमै पूरा भएको छ। बुक माई शोमा एकै दिन १० हजारले किंगप्रति चासो देखाएका हुन। अब जब फिल्म रिलिज हुन्छ, एक स्वचालित सूचना यी मानिसहरूमा पुग्दछ। किङ्गको कुनै पोस्टर आएको छैन, न त फिल्मका बारेमा कुनै आधिकारिक घोषणा नै गरिएको छ। फिल्ममा काम भइरहेको छ भन्ने सबैलाई थाहा छ। तर अहिले नै यो फिल्मले रेकर्ड बनाउन र तोड्न थालेका छन् । तर, १० हजारको यो सङ्ख्या निरन्तर बढीरहेको छ। कमेन्ट गर्दा सामाजिक सञ्जालमा मानिसहरूले लेख्छन्– किङ्ग राम्रो अवस्थामा छन् । उनी बलिउडका राजा हुन् अब राजा आउँदैछन् ।

वास्तवमा शाहरूख खानको 'किंग' अहिले मल्टीस्टारर फिल्म बनेको छ। जसमा शाहरूख खान र सुहाना बाहेक अभिषेक बच्चन खलनायकको भुमिकामा रहेका छन् । योसँगै ज्याकी श्राफ, जयदीप अहलावत, अरशद वारसी, अनिल कपूर, रानी मुखर्जी, दीपिका पादुकोण, राघव जुयाल र सौरभ शुक्ला पनि काम गरिरहेका छन् ।

# 'फिल्म सिटामोलले मनको पीडालाई राहत दिन्छ'

**काठमाडौं (प्रस)**– 'सिटामोल' यही साउन २३ गतेदेखि देशभर प्रदर्शनमा आउँदै छ । कर्णाली क्षेत्रको सामाजिक यथार्थ, जनयुद्धपछिको मनोविज्ञान, मानसिक पीडा र सम्बन्धको विषयमा निर्माण भएको फिल्मले ग्रामीण जनजीवनको कष्टसमेत उजार गर्ने निर्माण टिमले बताएको छ ।

अभिनेत्री बेनिशा हमाल भने यो फिल्ममा बिग्रिएको सम्बन्ध सुधार्ने कथा भएको बताउँछिन् । 'सिटामोल औषधिले सबै रोग त ठीक गर्दैन, तर हाम्रो फिल्म 'सिटामोल'ले सम्बन्ध कसरी सुधार्न सकिन्छ भन्ने कुरा सिकाउँछ ।' आफ्नो मान्छेले साथ दिँदा जीवन कसरी सही ढंगबाट अगाडि बढ्छ भन्ने फिल्मले गहिरिएर देखाउने उनको भनाइ छ ।

अभिनेता सौगात मल्ल फिल्ममा 'सिटामोल' औषधिको रूपमा नभएर एक प्रतीकको रूपमा प्रयोग गरिएको बताउँछन् । 'शरीरको पीडामा सिटामोलले राहत दिन्छ भने, यो फिल्ममा रहेको मनको पीडामा यसले काम गर्छ ।'

सौगातले आफूले खेलेका सबैभन्दा भावुक फिल्ममध्ये 'सिटामोल' एक भएको बताए । भने, 'जब कथा सम्झिन्छु, आँसु आफैं आउँछ ।'

राजबहादर सानेको निर्देशन रहेको फिल्ममा सौगात र बेनिशाको अलावा लोकेन्द्र लेखक, भूगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मी, आरआर खड्का, ज्ञानु मल्ल, पवन भट्टराई, काजल भुजेल र बालकलाकार आराध्या राज्यलक्ष्मी डिसीको अभिनय छ ।

तुल्सी देवी फिल्म प्रालीले जुनतारा फिल्मस्को सहकार्यमा निर्माण भएको 'सिटामोल'को कथा प्रदीप भारद्वाज र निर्देशक सानेले लेखेका हुन् ।

सिमोस सुनुवारको प्रस्तुति रहेको फिल्ममा भूगोल कुमार कार्की र विकाश राज जोशी निर्माता तथा अप्सरा नेपाली, अजय मल्ल र कुमार केसी कार्यकारी निर्माता अनि गंगाराम श्रेष्ठ सह-निर्मातामा रहेका छन् ।



# नेपालको 'होर ई स्पोर्ट्स' पब्जी विश्वकपको फाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपालको होर ई स्पोर्ट्स पब्जी मोबाईलको विश्वकपको फाइनलमा स्थान बनाएको छ ।

साउदी अरबमा बुधबार सर्भाईबल स्टेजको दोस्रो दिन शानदार खेल प्रदर्शन गर्दै होर पब्जी ई स्पोर्ट्स विश्वकपको फाइनल राउण्डमा स्थान पक्का गरेको हो । नेपाल मात्र नभएर सेन्ट्रल एसिया र साउथ एसियाबाट पब्जी विश्वकपमा मात्र तीन टिम सहभागी थिए ।

पब्जी मोबाईलको विश्वकपमा शानदार प्रर्दशन सहित होर ई स्पोर्ट्ले



फाइनल राउण्डमा स्थान बनाएको छ । पछिल्लो नतिजासँगै होर ई स्पोर्ट्सले करिब पौने एक करोड रूपैयाँ पक्का गरेको छ ।

नेपालको होर ई स्पोर्ट्समा आकाश राई, शीतल राई, सुप्रिम अधिकारी, उगेन छोपेल लामा, प्रवेश गुरुङ र आयुश लामाले प्रतिस्पर्धा गरिरहेका छन् ।

प्रतियोगिताको फाइनल राउण्डमा मात्र १६ टिमले प्रतिस्पर्धा गर्नेछन् । अन्तिममा खेल सक्ने टिमले समेत ३२ लाख रूपैयाँ बढी रकम प्राप्त गर्नेछ । प्रतियोगिताको विजेताले उपाधि सहित भण्डै ८ करोड रूपैयाँ प्राप्त गर्नेछ ।

# राजीवको नेतृत्वमा एथलेटिक्स संघको नयाँ कार्यसमिति

**काठमाडौं (प्रस)**– राजीव बिक्रम शाहको नेतृत्वमा नेपाल एथलेटिक्स संघको नयाँ कार्यसमिति निर्वाचित भएको छ । बुधबार काठमाडौंमा भएको साधारण सभाले शाहको नेतृत्वमा १७ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित गरेको हो । शाह तेस्रो पटक एथलेटिक्स संघको नेतृत्वमा चुनिएका हुन् ।

साधारण सभाले उपाध्यक्षमा कोमल वली, जगतसिंह धामी, शैलेन्द्र खनाल, सन्तोष कुमार ढकाल, तेजेन्द्र थापा र गजबहादुर गुरुङलाई निर्वाचित गरेको छ । राधाकृष्ण विष्ट (आरके) संघको सचिव पदमा निर्वाचित हुदाँ



मोहनबहादुर घले कोषाध्यक्षमा निर्विरोधि निर्वाचित भए ।

सदस्यहरूमा सञ्जिव तुलाधर, अन्जु चौधरी, दिलबहादुर वम, नन्दु काउचा, अनिरुद्रकुमार चौधरी, मोजाउल हक, शिवलाल आचार्य र पदमा चौधरी निर्वाचित भएका छन् ।

सदस्यमा निर्वाचित तुलाधरलाई नवनिर्वाचित अध्यक्ष शाहले पछि कार्यसमितिको बैठकबाट अनुमोदन गर्ने गरी महासचिवमा मनोनित गरेको घोषणा गरे । नवनिर्वाचित पदाधिकारीलाई राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत खेलकुद विकास विभागका प्रमुख एवं प्रमुख निर्वाचन अधिकृत सरोजकुमार पोखरेलले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

त्यसअघि ताहचलस्थित ग्रान्ड होटलमा भएको साधारण सभाको युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले उद्घाटन गरेका थिए ।

# भिनिसियस जुनियरमाथि साउदीले ३५० मिलियन युरो खर्चिने



■ प्रभाव संवाददाता

**काठमाडौं** – ब्राजिलियन फुटबल स्टार भिनिसियस जुनियरका लागि एक क्लब ५६ सय करोड रूपैयाँ खर्च गर्न लागेको खबरले यतिखेर सनसनी मच्चाएको छ ।

खासमा २५ वर्षीय भिनिसियस पौराणिक स्पेनिस फुटबल क्लब रियल म्याड्रिडका सदस्य हुन् । यस क्लबसँग उनको सन् २०२७ सम्मको सम्झौता भएको हुनाले विगत केही महिना देखि दुवै पक्षबीच नयाँ सम्झौताका लागि छलफल भए पनि अहिलेसम्म कुनै टुंगोमा पुग्न सकिरहेका छैनन् ।

यस्तो अवस्थामा साउदी अरेबिया लिगका क्लबहरूले यस स्टार विङ्गरमाथि आफ्नो नजर राखिरहेका छन् । एक रिपोर्टका अनुसार साउदी सरकारले समर्थन गरेको यस लिगको एक क्लब भिनिसियसका लागि ३५० मिलियन यूरो युरो खर्च गर्न तयार छ । तर, हाल यस विषयमा उनका खेलाडी वा क्लबसँग कुनै छलफल टुंगोमा भने पुगेको छैन ।

रिपोर्टमा भनिएको छ कि साउदी अरेबियाको खेलकुद मन्त्रालय र सार्वजनिक लगानी कोष (पीआईएफ) को नजर अल अहली क्लबमा छ, जसको लागि तिनीहरू भिनिसियस जुनियरमा यति ठूलो रकम खर्च गर्न तयार छन् । यद्यपि, यस समयमा त्यहाँ कुनै संकेतहरू छैनन् कि म्याड्रिड र भिनिसियस अलग हुन चाहन्छन् ।

साउदी क्लबले यो सम्झौता पूरा गरेमा भिनिसियस जुनियर फुटबल इतिहासकै सबैभन्दा महँगो स्थान्तरण खेलाडी बन्ने छन् । अहिलेसम्म सबैभन्दा महँगो स्थानान्तरणको कीर्तिमान पूर्व ब्राजिलियन लिजेन्ड नेयमार जुनियरको नाममा छ, जसलाई पिएसजीले २०१७ मा बार्सिलोनाबाट २२२ मिलियन युरोमा किनेको थियो ।



पेरुको २०४औं स्वतन्त्रता दिवसको उपलक्ष्यमा लिमामा आयोजित परेडमा प्रस्तुति दिँदै कलाकारहरू । *तस्बिर: सिन्ह्वा*

# कम्बोडियाले युद्धविरामको 'स्पष्ट उल्लंघन' गरेको थाइल्याण्डको आरोप



**बैंकक–** थाइल्याण्डले बुधबार कम्बोडियालाई सीमापार लडाइँ अन्त्य गर्न युद्धविराम सम्झौताको 'स्पष्ट उल्लंघन' गरेको आरोप लगाउँदै कम्बोडियाको सेनाले सीमामा राति आक्रमण गरेको बताएको छ ।

पाँच दिनको झडपमा दुवैतर्फ कम्तीमा ४३ जनाको मृत्यु भएपछि दुवै देशले मंगलबारदेखि युद्धविरामको सहमति गरेका थिए । विवादित सीमावर्ती मन्दिरहरूको दीर्घकालीन विवादले तिनीहरूको ८०० किलोमिटर (५०० माइल) सीमामा खुला युद्धमा परिणत भएको थियो ।

तर थाइल्याण्डको विदेश मन्त्रालयले बुधबार बिहानसम्म जारी रहेको आक्रमणमा सिसाकेट प्रान्तमा आफ्ना सेनाहरू 'कम्बोडियाली सेनाहरूले सुरु गरेको सानो हतियारको गोली र ग्रेनेड आक्रमणको सिकार भएको' बताएको छ । 'यो युद्धविराम सम्झौताको स्पष्ट उल्लंघन हो,' विदेश मन्त्रालयको एक विज्ञप्तिमा भनिएको छ ।

थाई सरकारका प्रवक्ता जिरायु हुआंगसाबले पनि राति झडप भएको रिपोर्ट गरे । तर एक विज्ञप्तिमा उनले भने, 'थाई पक्षले स्थिति नियन्त्रणमा राखेको छ र बिहान ८:०० बजे (०१०० जिएमटी) देखि सीमामा अवस्था सामान्य भएको रिपोर्ट गरिएको छ ।' कम्बोडियाले पहिले युद्धविराम तोडेको अस्वीकार गरेको छ । युद्धविरामको उद्देश्य दुई देशले सीमावर्ती क्षेत्रबाट तीन लाखभन्दा बढी मानिसलाई विस्थापित गरिसकेको लडाइँ समाप्त गर्नु थियो । सीमाबाट ५० किलोमिटर टाढा थाइल्याण्डको सुरिन सहरको आश्रय र भान्साघरको रूपमा प्रयोग गरिएको एक मन्दिरमा विस्थापितहरू अनिश्चितताको अवस्थामा रहेको स्वयंसेवक थानिन किट्टिवोरानुनले बताए । 'हामी विश्वास गर्दैनौं कि कम्बोडियाले युद्धविराम मान्ने छ,' ६५ वर्षीय उनले भने ।

तर कम्बोडियाली पक्षमा रहेका एक एएफपी पत्रकारले गत बिहीबार लडाइँ सुरु भएदेखि तोप आक्रमणको निरन्तर आवाज सुनेको तर युद्धविरामको सुरुआतदेखि बुधबार बिहानसम्म कुनै विष्फोट नसुनेको बताए । बेइजिङले आफ्ना उप-विदेशमन्त्री सुन वेइडोङले थाई र कम्बोडियाली अधिकारीहरूसँग सांघाईमा बैठक आयोजना गरेको बताए । बैठकमा दुवैले चीनलाई युद्धविराम सहमतिलाई पालना गर्ने आफ्नो प्रतिबद्धता पुनः पुष्टि गरेका छन् ।

### अझै नाजुक

सामान्यतया शान्ति कायम हुनुअघि मंगलबार बिहान युद्धविरामको सुरुआत अस्थिर भयो । थाइल्याण्डले कम्बोडियामाथि 'आपसी विश्वासलाई कमजोर पार्ने स्पष्ट प्रयास' मा आक्रमणहरू जारी राखेको आरोप लगायो । सम्झौताको भागका रूपमा निर्धारित सीमामा प्रतिद्वन्द्वी कमाण्डरहरूबीचको बैठकहरू अगाडि बढे । थाइल्याण्डको सेनाले 'सेनाको सुदृढीकरण वा गतिविधिहरू रोक्न जसले गलतफहमी निम्त्याउन सक्छ' लगायत तनाव घटाउने कदमहरूमाथि सहमति भएको बताएको छ । तर त्यस दिनपछि बैंककको सीमा संकट केन्द्रका लागि विदेश मामिलाका प्रवक्ता मारती नलिता अन्दामोले चेतावनी दिए, 'यस क्षणमा, युद्धविरामको प्रारम्भिक दिनहरूमा, स्थिति अझै नाजुक छ ।'

जेट, रकेट र तोप आक्रमणबाट कम्तीमा १५ थाई सैनिक र १५ थाई नागरिकको मृत्यु भएको छ भने कम्बोडियाले केवल आठ नागरिक र पाँच सैन्य मृत्युको पुष्टि गरेको छ । सन् १९०७ मा कम्बोडियाको फ्रान्सेली औपनिवेशिक प्रशासकहरूले गरेको अस्पष्ट सीमांकनका कारण दुवै राष्ट्रले दावी गरेको यस क्षेत्रलाई लिएर सन् २००८ देखि २०११ सम्म छिटपुट रूपमा भड्किएको हिंसामा भएको २८ को मृत्यु संख्याले यो भडकाउले उछिनेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हस्तक्षेपपछि मलेसियामा शान्ति सम्झौता गरिएको थियो । थाइल्याण्ड र कम्बोडिया दुवैले भारी भन्सार शुल्कको धम्कीलाई टार्न व्यापारिक सम्झौताका लागि ट्रम्पलाई मनाउन खोजिरहेका छन् । *रासस/एएफपी*

# दक्षिण कोरियाका पूर्वराष्ट्रपति युनलाई सोधपुछका लागि नयाँ पक्राउ पुर्जी जारी



**सियोल–** दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक योलले सुनुवाइका लागि पटक-पटक उपस्थित हुन नमानेपछि अभियोजकहरूले सोधपुछका लागि भन्दै बुधबार नयाँ पक्राउ पुर्जी जारी गर्न अनुरोध गरेका छन् ।

गत डिसेम्बर ३ मा युनले दक्षिण कोरियामा नागरिक शासनको अन्त्य गर्ने र सैनिक शासन लागू गर्ने प्रयास गरेका थिए । मार्शल कानुन जारी गरिएको घोषणा गर्दै उनले संसद्लाई सेना लगाएर नियन्त्रण गर्ने प्रयास गरेका थिए । हप्तौंसम्म गिरफ्तारीको विरोध गरेपछि जनवरीमा हिरासतमा लिइएका उनी दक्षिण कोरियाली इतिहासमा पक्राउ पर्ने पहिलो बहालवाला राष्ट्रपति बनेका थिए । उनले मुद्दासँग सम्बन्धित प्रमाणहरू नष्ट गर्न सक्ने भन्दै राष्ट्रपति पदबाट निलम्बन गरिएको थियो ।

उनलाई मार्चमा उनको विद्रोहको मुद्दा चलिरहेको समय प्रक्रियागत आधारमा रिहा गरिएको थियो तर जुलाईको सुरुमा फेरि हिरासतमा लिई सोधपुछ गरिएको थियो । संसदीय चुनावमा धाँधली भएको आरोपको अनुसन्धान गरिरहेका अभियोजकहरूले युनलाई सोधपुछका लागि पटक-पटक बोलाए पनि उनी उपस्थित हुन अस्वीकार गरेका थिए ।

'विशेष अभियोजकको कार्यालयले पूर्वराष्ट्रपति युनलाई बिहान १० बजे उपस्थित हुन दोस्रो आदेश जारी गरेको थियो,' अभियोजक ओह जियोङ हीले बुधबार पत्रकारहरूसँग बताए । उनले उपस्थित हुनका लागि दोस्रोपटकको आदेश पनि उल्लंघन गरी अदालतमा उपस्थित हुन अस्वीकार गरेका थिए । उनले कुनै स्पष्टीकरण पनि दिएका थिएनन् । फलस्वरूप, विशेष अदालतले उनविरूद्ध औपचारिकरूपमा बुधबार दिउसो सोधपुछका लागि हिरासतमा लिन पक्राउ पुर्जी जारी गरेको हो ।

युनलाई यसपहिले नै हिरासतमा राखिएको भए पनि पक्राउ पुर्जी जारी भएपछि अभियोजकहरूलाई उनलाई जबर्जस्ती सोधपुछ गर्न अनुमति दिने छ । युन र उनकी पत्नी पूर्वप्रथम महिला किम किन हीका लागि पनि कानुनी समस्या बढ्दै गएको छ ।

अभियोजकहरूले युनिफिकेसन चर्चका एक वरिष्ठ अधिकारी जियोन सियोङ-बाएले हिराको हार र महँगो ह्याण्डब्याग प्राप्त गरी किमलाई दिएको आरोपको पनि अनुसन्धान गरिरहेका छन् । *रासस/एएफपी*

# १० दिनभित्र युक्रेन युद्ध अन्त्य गर्न रूसलाई अमेरिकाको चेतावनी

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा युद्ध अन्त्य गर्नेतर्फ ठोस प्रगति गर्न रूसलाई १० दिनको समयसीमा घोषणा गरेका छन् । उनले समयसीमा पालन गर्न असफल भएमा नयाँ प्रतिबन्धहरू लगाइने चेतावनी दिएका छन् ।

स्कटल्याण्डबाट संयुक्त राज्य अमेरिका फर्कने क्रममा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले मंगलबारदेखि १० दिनभन्दा कम समयमा युद्धविराम हुनुपर्ने छ । ट्रम्पले रुस र युक्रेनबीचको द्वन्द्व छिट्टै अन्त्य गर्नुपर्ने विषयमा जोड दिँदै समयसीमा ५० बाट घटाएर १० बनाएको उल्लेख गरेका हुन् ।

यद्यपि, उनले अझै रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबाट कुनै प्रतिक्रिया नपाएको उल्लेख गरेका छन् । उनले यदि थपिएको समय सीमाभित्र कुनै प्रगति नभए अमेरिकाले मस्कोमा थप शुल्क र दण्डात्मक उपायहरू अबलम्बन गर्ने बताएका छन् । संयुक्त राज्य अमेरिकाले अवरोधलाई कम गर्न र विश्वव्यापी ऊर्जा बजारमा सम्भावित असरलाई सम्बोधन गर्न घरेलु तेल उत्पादन बढाउने ट्रम्पले बताएका छन् ।

रूसले सन् २०२२ फेब्रुअरी मा युक्रेनविरुद्ध सैन्य कारबाही सुरु गरेको थियो । किएभले भने द्वन्द्व अन्त्य गर्ने सर्तको रूपमा पश्चिमी सैन्य गठबन्धनमा सामेल हुने महत्त्वाकांक्षा त्याग्ने मागलाई आफ्नो सार्वभौमिकताको स्पष्ट उल्लंघन भनी दृढतापूर्वक अस्वीकार गरेको छ । *रासस/क्युएनए*

# अस्ट्रेलियामा निर्मित पहिलो रकेट दुर्घटनाग्रस्त

**वेलिङ्टन–** देशको माटोबाट कक्षमा पुग्ने प्रयासमा अस्ट्रेलियामा निर्मित पहिलो रकेट बुधबार १४ सेकेण्डको उडानपछि दुर्घटनाग्रस्त भएको छ ।

गिलमोर स्पेस टेक्नोलोजीद्वारा प्रक्षेपण गरिएको एरिस रकेट देशबाट उडान भर्ने पहिलो अस्ट्रेलियामा डिजाइन र निर्माण गरिएको परिक्रमा प्रक्षेपण यान थियो र साना उपग्रहहरूलाई कक्षमा लैजानका लागि डिजाइन गरिएको थियो । यसले बुधबार बिहान स्थानीय समयमा क्विन्सल्याण्ड राज्यको उत्तरी भागमा रहेको सानो सहर बोवेन नजिकको स्पेसपोर्टबाट परीक्षण उडानमा प्रक्षेपण गरेको थियो ।

अस्ट्रेलियाली समाचार आउटलेटहरूद्वारा प्रकाशित भिडियोहरूमा २३ मिटर (७५ फिट) रकेट प्रक्षेपण टावरलाई खाली गरेको देखिन्छ र दृष्टिबाट बाहिर खस्नुअघि हावामा उडिरहेको देखिन्छ । घटनास्थलमाथि धुवाँको लहरहरू उठेको थियो । हताहतको कुनै भएको खबर आएको छैन ।

कम्पनीले फेसबुकमा पोस्ट गरेको वक्तव्यमा प्रक्षेपणलाई सफलताको रूपमा स्वागत गरेको छ । एक प्रवक्ताका अनुसार सबै चार हाइब्रिड-चालित इञ्जिनहरू प्रज्वलित भए र पहिलो उडानमा २३ सेकेण्ड इञ्जिन बलेको समय र १४ सेकेण्डको उडान समावेश थियो । गिलमोर स्पेस टेक्नोलोजीजले मे र यस महिनाको सुरुमा रकेटको अघिल्लो प्रक्षेपणहरूको योजना बनाएको थियो, तर प्राविधिक समस्या र खराब मौसमका कारण ती कार्यहरू रद्द गरेको थियो । सिइओ एडम गिलमोरले एक विज्ञप्तिमा रकेट लन्चप्याडबाट निस्किएकोमा खुसी भएको बताए ।

'निःसन्देह म अधिक उडान समय मन पराउँथे तर यसबाट खुसी भएँ,' उनले लिंकडइनमा लेखे । गिलमोरले फेब्रुअरीमा एक निजी रकेट कम्पनीले आफ्नो पहिलो प्रयासमा सफलतापूर्वक कक्षमा प्रक्षेपण गर्नु 'लगभग नसुनिएको' कुरा थियो । रकेटले जमिन छोडेमा प्रक्षेपणलाई सफल मान्ने कम्पनीले पहिले नै बताएको थियो । 'प्रक्षेपणस्थलको पूर्वाधार 'अक्षुण्ण रह्यो,' विज्ञप्तिमा भनिएको छ ।

स्थानीय ह्विटसण्डे क्षेत्रीय काउन्सिलका मेयर राई कोलिन्सले यान कक्षमा नपुगे पनि पूरा भएको प्रक्षेपण 'ठूलो उपलब्धि' थियो भने । 'यो हाम्रो क्षेत्रमा भविष्यको व्यावसायिक अन्तरिक्ष उद्योगको विशाल छलाङतर्फको महत्त्वपूर्ण पहिलो कदम हो,' उनले फेसबुकमा लेखे ।

गिलमोर स्पेस टेक्नोलोजीजसँग निजी कोषकर्ताहरू छन् र यस महिना एरिस रकेटको विकासका लागि देशको संघीय सरकारबाट ५० लाख अस्ट्रेलियन डलर (३२ लाख अमेरिकी डलर) अनुदान प्रदान गरिएको थियो । यसले अस्ट्रेलियामा नयाँ अन्तरिक्ष प्रविधिहरूको विकास र व्यावसायीकरणलाई अगाडि बढाउन सन् २०२३ मा सरकारसँग फर्मको पाँच करोड २० लाख अस्ट्रेलियन डलर अनुदान सम्झौतालाई पछ्याएको थियो । *रासस/एपी*

**ओमनमा रोजगार** कम्पनी : LULU MUSCAT HYPERMARKET LLC
पूर्व स्वीकृति मिति : २०८२/०४/१३ LT. No. 328011 चलानी नं. ६०२४१९०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing and Packaging Worker | 100 | 0 | 100 | ३७,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम इजाजत नं. १००९/०६८/६९

**साउदीमा रोजगार** कम्पनी : PADYA UNITED CONT. EST
पूर्व स्वीकृति मिति : २०८२/०४/१४ LT. No. 328077 चलानी नं. ६०२४१९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver. | 1 | 0 | 2500 | ९२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम इजाजत नं. १७२/०५६/५७

**युएइमा रोजगार** कम्पनी : DAR AL SABAYA BEAUTY SALOON LLC SP
पूर्व स्वीकृति मिति : २०८२/०४/१४ LT. No. 328054 चलानी नं. ६०२४१९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicurist | 0 | 3 | 1500 | ५६,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082
S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

**युएइमा रोजगार** कम्पनी : ELITE SHIELD SECURITY SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८२/०४/१३ LT. No. 328059 चलानी नं. ६०२४१९११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ४५,३९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०१/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१४ LT. No. 323525 चलानी नं. ६०२३७५०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 128 | 0 | 900 | ३४,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३९७/०६०/०६१
Future Star Manpower Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719,
9813916322, 9810101810, E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

**युएइमा रोजगार** कम्पनी : TOP QUALITY CARPENTRY AND FLOORINGCONTRACTING LLC
पूर्व स्वीकृति मिति : २०८२/०४/१३ LT. No. 327897 चलानी नं. ६०२४१८८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1500 | ५६,७५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixers | 5 | 0 | 1500 | ५६,७५० | | | | | | | |
| 3 | Carpenter/ Construction Carpenter | 5 | 0 | 1500 | ५६,७५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।
चितवन, भरतपुर, होटल, रेड कार्पेटमा मिति: २०८२ साउन २८ गते (13th Aug. 2025) मा हुनेछ ।
कास्की, पोखरा, शाखा कार्यालयमा मिति: २०८२ साउन २९ गते (14th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**युएइमा रोजगार** कम्पनी : SOMNATH ACHARYA TECHNICAL SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०४/१३ LT. 327996 चलानी नं. ६०२४१८३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1500 | ५६,७४८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३७,८३२ | | | | | | | |
| 3 | Steel Fixer | 1 | 0 | 1500 | ५६,७४८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 327996 मिति: २०८२/०४/१४ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

**युएई र ओमनमा रोजगार** कम्पनी : PIVOT ENGINEERING & GENERAL CONTRACTING COMPANY W L L
पूर्व स्वीकृति मिति : २०८२/०४/१४ LT. No. 328207 चलानी नं. ६०२४१९९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CarpCarpenter | 20 | 0 | 1500 | ५६,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 50 | 0 | 1000 | ३७,८३२ | | | | | | | |
| 3 | Scaffolder | 20 | 0 | 1500 | ५६,७५० | | | | | | | |
| 4 | Mason (Tile & Block & Plaster) | 50 | 0 | 1500 | ५६,७५० | | | | | | | |
| 5 | Steel Fixer | 20 | 0 | 1500 | ५६,७५० | | | | | | | |
| 6 | Electrician | 20 | 0 | 1500 | ५६,७५० | | | | | | | |
| 7 | A/c Technician | 20 | 0 | 1500 | ५६,७५० | | | | | | | |

कम्पनी : SMOOTH MANPOWER SUPPLY SERVICES -L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०४/१४ LT. No. 328247 चलानी नं. ६०२४२००३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | 0 | 1000 | ३७,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL WADAQ DEVELOPMENT AND INVESTMENT
पूर्व स्वीकृति मिति : २०८२/०४/१४ LT. No. 328215 चलानी नं. ६०२४१९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assist. Welder | 40 | 0 | 170 | ६१,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | industrial equipment installation m | 40 | 0 | 170 | ६१,४२७ | | | | | | | |
| 3 | general maintenance mechanic | 20 | 0 | 170 | ६१,४२७ | | | | | | | |
| 4 | Electric Equipment Electrician | 20 | 0 | 170 | ६१,४२७ | | | | | | | |
| 5 | foundation diggers | 30 | 0 | 170 | ६१,४२७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: One day AKH Traning Center Interview काठमाडौंमा मिति: २०८२ साउन २२ गते (7th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ११९/०५५/०५६
ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547,
9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९४४०० | प्रति तोला – ० | प्रति तोला – २३१० |



**अचारको व्यापार** | लमजुङको मध्यनेपालस्थित पराजुली बैँसीका शोभा रानामगरले तयार गरेको अचारहरू । यहाँ उत्पादित विभिन्न सिजनका फलफूल, माछा, मासुलगायतका अचारहरू देशभित्र र विदेशमासमेत बिक्री भइरहेको उनी बताउँछिन् । *तस्बिरः देवेन्द्र गुरुङ /रासस*

# सुक्खा संकटग्रस्त मधेसमा खानेपानी र सिँचाइको काम सुरु गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सुक्खा संकटग्रस्त मधेस प्रदेशमा खानेपानी र सिँचाइको काम तत्काल सुरू गर्न निर्देशन दिएका छन् । सरकारले मधेस प्रदेशलाई सुक्खा संकटग्रस्त क्षेत्र घोषणा गरेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गठन गरेको उच्चस्तरीय कार्यदलले तयार पारेको प्रतिवेदन बुधबार बुझ्दै मन्त्री खड्काले कार्यदलले दिएको सुझावलाई तत्काल कार्यान्वयन गर्न र राहतदेखि सिँचाइका कामहरू सुरू गर्न निर्देशन दिए ।

विपद्लाई योजनामा होइन किसानको खेतमा सिँचाइ सुविधा पुग्नेगरी कार्यान्वयन गर्न आवश्यक रहेको उनको भनाइ थियो । 'अब ढिलो गर्नु भनेको जनताको भरोसा गुमाउनु हो, यो विषय सरकारको कार्यसूचीको पहिलो प्राथमिकतामा हुनेछ', उनले भने । मन्त्री खड्काले यस कार्ययोजनालाई विपद् व्यवस्थापनका साथ विकासको अवसरमा रूपान्तरण गर्ने एउटा मोडेलका रूपमा व्याख्या गर्नुभयो । 'अब हामी बहानाभन्दा समाधान चाहन्छौँ, पीडितलाई पानी पुऱ्याउने काममा ढिलाइ गर्नु गम्भीर अपराध हो', मन्त्री खड्काले भने ।

मन्त्री खड्काले प्रधानमन्त्रीलगायत सम्बन्धित पक्षसँग कार्यदलले बुझाएको प्रतिवेदनका बारेमा छलफल गरी कार्यान्वयन गराउने प्रतिबद्धता जनाए । 'सिँचाइ सुविधा नहुँदा तराईमा मात्र नभई देशमै अन्नको संकट हुने हुँदा पीडित किसानलाई तत्काल सिँचाइ, बीउबिजनलगायत सेवा उपलब्ध गराउनु राज्यको पहिलो दायित्व भएकोले तीव्र गतिमा काम गर्न सबै लाग्नुहोस्', उनले भने ।

ऊर्जा मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्यको नेतृत्वमा कृषि तथा पशुपक्षी मन्त्रालयका सहसचिव, कृषि विभागका महानिर्देशक, खानेपानी तथा ढल निकास विभागका महानिर्देशक जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशकसहितको छ सदस्यीय कार्यदल गठन गरेको थियो । उक्त कार्यदलले तयार गरेको प्रतिवेदनले मधेस प्रदेशमा भू-जलको गिरावट, साना तथा मझौला सिँचाइ संरचनाको जीर्ण अवस्था, प्राविधिक जनशक्तिको अभाव, र सिँचाइको असमान पहुँचलगायत विषयलाई गम्भीर संकटका रूपमा उजागर गरेको छ ।

# आन्तरिक ऋण सतप्रतिशत उठ्दा बाह्य ऋण ५७ प्रतिशत




**काठमाडौं–** गत आर्थिक वर्ष २०८१/८२ मा सरकारले आन्तरिक ऋण शतप्रतिशत उठाउँदा बाह्य ऋण भने ५७ प्रतिशत हाराहारी मात्रै उठाउन सकेको देखिएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको गत असार मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार गत आवमा आन्तरिक ऋणका लागि राखिएको रु तीन खर्ब ३० अर्बको लक्ष्य शतप्रतिशत पूरा भएको छ । तर बाह्य ऋणतर्फ रु दुई खर्ब १७ अर्ब उठाउने भनिएकोमा ५७ दशमलव ७९ प्रतिशतअर्थात् रु एक खर्ब २५ अर्ब ३९ करोड ९९ लाख मात्रै उठाइएको हो । अर्थात् गत आवमा सरकारले रु ९१ अर्ब ६० करोड एक लाख बराबर बाह्य ऋणत उठाउन सकेन ।

सरकारको पुँजीगत खर्च न्यून हुनु र विकास आयोजनाको काम तोकिएको समयमा सम्पन्न हुन नसक्दा लक्ष्यअनुसार बाह्य ऋण उठाउन नसकिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख गोपीकृष्ण कोइरालाले जानकारी दिए । 'पुँजीगत खर्च पर्याप्त नहुँदा र आयोजनाहरूको काम समयमा नसकिँदा सबै बाह्य ऋण उठाउन सकिएन । सरकारका वार्षिक आयोजना तथा कार्यक्रमहरूमा पहिले हाम्रो आफ्नै स्रोतबाट खर्च हुने र पछि ऋणदाताबाट शोधभर्ना गर्नुपर्ने हुन्छ । तर काम नै सम्पन्न नभएपछि त्यसको शोधभर्ना पनि माग्न मिलेन । यसकारण बाह्य ऋण कम उठेको हो', कोइरालाले भने ।

तुलनात्मक रूपमा आन्तरिक ऋणभन्दा बाह्य ऋणको ब्याजदर सस्तो हुने र भुक्तानी अवधि पनि लामो हुन्छ । अर्कोतर्फ आन्तरिक ऋणलाई चालुगत प्रकृतिका शीर्षकमा सरकारले जथाभावी खर्च गर्ने तर बाह्य ऋणलाई ऋणदाताले समेत पुँजीगत प्रकृतिका र पुँजी निर्माणमा बढी केन्द्रित गर्नुपर्ने शर्त राख्ने भएकोले बाह्य ऋणलाई बढी प्रभावकारी मानिन्छ । त्यस्तै, बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाह हुनुपर्ने कर्जालाई सरकारले नै प्रयोग गरिदिँदा मुद्राबजारमा समेत त्यसको असर देखिने गरेको छ ।

गत आर्थिक वर्षमा सरकारले कूल रु पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको थियो । जसमध्ये रु चार खर्ब ५५ अर्ब ३९ करोड प्राप्त भएको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा गत आवको कूल सार्वजनिक ऋण प्राप्ति ८३ दशमलव २५ प्रतिशत हो ।

कार्यालयका अनुसार गत आवमा मात्रै रु दुई खर्ब ३१ अर्ब आठ करोड थपिएर कूल सरकारी ऋण रु २६ खर्ब ६९ अर्ब ५७ करोड पुगेको छ । जुन कूल गार्हस्थ्य उत्पादनको ४३ दशमलव ७१ प्रतिशत हुन आउँछ । कूल सार्वजनिक ऋणमा असार मसान्तसम्म वैदेशिक ऋणको हिस्सा ५२ दशमलव ४९ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४७ दशमलव ५१ प्रतिशत छ । कार्यालयका अनुसार हाल सरकारले रु १२ खर्ब ६३ अर्ब छ करोड ४५ लाख आन्तरिक र रु १४ खर्ब एक अर्ब ३५ करोड २८ लाख बाह्य ऋण तिर्न बाँकी छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋण २२ दशमलव १४ र बाह्य ऋण २४ दशमलव ५६ प्रतिशत हुन आउँछ ।

त्यस्तै, गत आवमा सरकारी ऋणको साँवा ब्याज भुक्तानीका लागि रु चार खर्बभन्दा बढी खर्च भएको छ । 'आव २०८१/८२ मा ऋण सेवा खर्चमा रु चार खर्ब दुई अर्ब ८५ करोड विनियोजन भएकोमा असार मसान्तसम्म रु तीन खर्ब ६२ अर्ब ५९ करोड भुक्तानी भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ९० दशमलव ०१ प्रतिशत हो', कार्यालयको मासिक प्रतिवेदनमा भनिएको छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा असार मसान्तसम्ममा ऋण सेवा खर्च पाँच दशमलव ९४ प्रतिशत रहेको छ ।

गत आवमा सरकारले आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीको लागि रु तीन खर्ब चार अर्ब १९ करोड १२ लाख खर्च गरेको छ भने बाह्य ऋणको साँवा ब्याज भुक्तानीका लागि रु ५८ अर्ब ४० करोड १३ लाख खर्चिएको छ । *रासस*

# घरखर्च चलाउने आम्दानी बन्न थाल्यो निहुरो

**म्याग्दी–** म्याग्दीको उच्च पहाडी क्षेत्रको जङ्गलमा पाइने डौडे (निहुरो)ले बजार पाउन थालेपछि आम्दानीको माध्यम बनेको छ । केही वर्षअघिसम्म जङगलमा कुहिएर खेर जाने निहुरो बिक्री हुन थालेपछि ग्रामीण क्षेत्रका बासिन्दाले आम्दानीको स्रोत बनाउन थालेका हुन् । अन्नपूर्ण गाउँपालिका-१ दोवाका वडाध्यक्ष दिलीप गर्बुजाले सडक यातायात र ढुवानीको सुविधा भएपछि निहुरोले बजार पाएको बताए ।

'बर्खेबाली लगाएर फुर्सदीला बनेका गाउँलेहरू साउन र भदौ महिनामा दैनिकजसो जङ्गलबाट टिपेर ल्याएको निहुरो गाडीवालालाई बेच्छन्', उनले भने, 'गाडीवालाले गाउँबाट यात्रुसँगै डौडे बोकेर बजार पुऱ्याउँछन् ।' दोवामा निहुरोबाट वार्षिक रु २५ देखि ३० लाख नगद भित्रने गरेको वडाध्यक्ष गर्बुजाले बताए ।

दोवाकी निहुरो संकलक मायाकुमारी पुनले प्रतिकिलो रु ६५ देखि ७० मा गाउँबाटै निहुरो बिक्री हुने गरेको बताउनुभयो । 'कुहिएर खेर गइरहेको निहुरो हाम्रा लागि आम्दानीको स्रोत बनेको छ', उनले भने, 'फुर्सदको समय सदुपयोगका साथै घरखर्च चलाउने आम्दानी जुटाएका छौं ।'



दोवाका साथै दग्नाम, चिमखोला, पात्लेखेत, मुना र हिदीबाट बेनी आउने गाडीले दैनिक ५०० किलोग्राम निहुरो बेनीमा ल्याउने गरेका व्यापारीले बताएका छन् । बेनीका तरकारी तथा फलफूल व्यवसायी देवेन्द्र सुवेदीले गाउँबाट आउने निहुरो बागलुङ, कुश्मा र काठमाडौँ पठाउने गरेको बताए ।

'बेनी आइपुग्दा प्रतिकिलो दौडेको मूल्य रु १०० देखि रु १२० सम्म पर्छ', उनले भने, 'गत वर्ष दैनिक एक हजार किलोग्राम निहुरो आउने गरेको थियो । यसपालि गाउँबाट गत वर्षको तुलनामा आधा मात्रै निहुरो आएको छ । माग धान्न सकिएको छैन ।'

समुद्री सतहदेखि एक हजार ५०० देखि दुई हजार ५०० मिटर उचाइको ओसेपिलो ठाउँमा बर्खा याम निहुरो प्राकृतिक रूपमा उम्रन्छ । निहुरोको मुना छिप्पीएपछि सोत्तर हुन्छ । मुना अवस्थाको निहुरोलाई पकाएर तरकारी र अचारका रूपमा प्रयोग गर्न सकिन्छ । यो एक जैविक तरकारी समेत हो । निहुरो टुसा पलाएको चार/पाँच दिनभित्र ठूलो झ्याङ भएको निउरो बन्छ । निहुरोमा एन्टीअक्सिडेन्ट पाइने भएकाले औषधीय र पोषणयुक्त तरकारीको रूपमा लिन थालिएको छ । बेनीका होटल व्यवसायी पूर्ण गौचनले पोषिलो, स्वादिलो र स्वस्थकर हुने भएकाले निहुरोको तरकारी र अचार पाहुनाले रुचाउने बताए ।

स्वास्थ्यकर्मीहरूका अनुसार भिटामिन 'ए', 'बी' र 'सी' पर्याप्त मात्रामा पाइने निहुरोमा आइरनको मात्रा पनि हुन्छ । आँखाको दृष्टि कमजोर भएकाहरूले पनि नियमित खाँदा लाभदायक हुन्छ । मुटु र मधुमेह रोगीहरूका लागि पनि निहुरो निकै उत्तम आहार मानिन्छ । यसको तरकारी खानाले क्यान्सरका बिरामी, भाइरल खोकी, चिसो लाग्दा र फोक्सोका बिरामीलाई फाइदा हुने उपभोक्ताको अनुभव छ । *रासस*

## चट्याङबाट बच्न निम्न उपाय अपनाऔं

**घरबाहिर हुँदाः**

- आकाशमा बिजुली चम्किँदा, गड्याङगुडुङ हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौं,
- रूख वा बिजुलीको पोलमुनि नबसौं,
- छाता नओढौं,
- खेतबारीमा काम नगरौं,
- कुनै ओत नभए दुवै हातलाई टाउकोमाथि राखि निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
- भूँइमा लम्पसार परेर नसुतौं ।

**घरभित्र हुँदाः**

- टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, बिजुलीका स्वीच अफ गरौं,
- त्यस्ता उपकरण बिजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौं, मोबाइल स्वीच अफ गरौं,
- नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- झ्याल, भऱ्याङ, बन्डरालगायतका ग्रील र बार नछाऔं,
- भित्ता वा झ्यालमा अडेस लागेर नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ